**मजदुर**
*The Worker Daily* दैनिक
- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com



माधव नारायण (स्वप संस्करण) भजन सार्वजनिक भएको छ ।

तल दिइएको QR Code Scan गरी हेरिदिनुहोला ।



★ वर्ष : २७ ★ अङ्क : ३४६ ★ ने. सं. ११४६ पोहेला थ्व, पूर्णिमा ★ शनिबार ★ १९ पुस, २०८२ ★ January 3, 2026, Saturday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


### नेमकिपाको केन्द्रीय परिषद् सुरु

# युवा–विद्यार्थी र जनतालाई सुसंस्कृत समाज निर्माणबारे शिक्षित गर्नु जरुरी




भक्तपुर, १८ पुस । नेपाल मजदुर किसान पार्टीको आठौँ अधिवेशनपछिको पहिलो (३७ औँ) केन्द्रीय परिषद् शुक्रबार भक्तपुरमा सुरु भयो ।

परिषद्मा पार्टी अध्यक्ष बिजुक्छेँले नेता र कार्यकर्ताहरूले संसारका मुख्य–मुख्य आन्दोलन र सङ्घर्षका इतिहास तथा क्रान्तिकारी नेताहरूको जीवनी र उहाँहरूको जीवन सङ्घर्षबाट सिक्न आवश्यक छ भन्नुभयो ।

फ्रान्सेली राज्य क्रान्तिको १० वर्षमा ४ ओटा संविधान बनेको उल्लेख गर्दै उहाँले देश र जनताको हितमा काम नगरेका नेपोलियन परिवारलाई फ्रान्सको चुनावमा उम्मेदवार हुन नदिने व्यवस्थासमेत गरेको बताउनुभयो ।

सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिबारे जानकारी दिँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "रुसका बोल्शेभिक सांसदहरू जनताको सङ्गठन र सङ्घर्षमा समर्पित भएर लागेका थिए । त्यसबेला एक जना गुप्तचर पनि बोल्शेभिक सांसद भए । उनले पार्टी र जनतालाई धोका दिएको हुँदा क्रान्तिपछि अदालतबाट उनलाई ज्यान सजाय भयो ।"

नेपालमा पनि देश र जनतालाई विश्वासघात गर्ने सांसद र मन्त्रीहरूलाई क्रान्तिपछि सजाय हुने धारणा अध्यक्ष बिजुक्छेँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेको घटनामार्फत नेका र एमालेको दुईतिहाइको सरकारलाई तासको घरजस्तै ढलायो । त्यसबेला नेका र एमालेका समर्थक दाबी गरेका शिक्षक–कर्मचारीहरूबाटै सरकारलाई सहयोग भएन । शासकहरूले ती शिक्षक र कर्मचारीहरूलाई आ–आफ्नो सुविधा बढाउन काठमाडौँमा आन्दोलन मात्र गराए । इतिहासमा विध्वंसको घटना हुँदा ठुल ठुला प्रतिरोध आन्दोलन भएका उदाहरणहरू छन् । नेपालमा शासक दलका नेता र कार्यकर्ताहरू आफ्नै दलको सरकार ढालिँदा पनि मौन बसे ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "शिक्षक र कर्मचारीहरूले विद्यार्थी, युवा र सर्वसाधारण जनतालाई सुसंस्कृत समाज निर्माणबारे शिक्षित गर्नु जरुरी छ ।"

पार्टी कार्यमा घर छोडेर कति दिन खटिएँ, नयाँ कार्यकर्ताहरू कति जना तयार गरेँलगायत विषयमा कार्यकर्ताहरूले आत्ममूल्याङ्कन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "शासक दलहरूले कार्यकर्तालाई जागीर, ठेक्का, वैदेशिक रोजगारीको लोभ देखाउने, अपराधको निम्ति दण्ड सजायबाटसमेत मुक्त गरिदिने आश्वासन दिइरहेका छन् । नेमकिपाले कार्यकर्तालाई सुरुदेखि नै देश र जनताको नि:स्वार्थ सेवा गर्न सिकाउनुपर्दछ । पार्टी कार्यकर्ताले पार्टीको अडान बोल्ने हो, व्यक्तिगत फाइदा खोज्ने होइन ।"

चुनावमा बहुमत आएर समाजवाद नआउने स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले शासक दलहरूले चुनावमा सामान र पैसा बाँडेर दुईतिहाइ पुऱ्याएको र सरकारमा गएर भ्रष्टाचार गरेको हुँदा सरकार ढालिए पनि तिनका नेता र कार्यकर्ता कोही बचाउन निस्कन नसकेको बताउनुभयो ।

सोभियत समाजवादको विघटनबारे चर्चा गर्दै उहाँले भन्नुभयो, " साम्राज्यवादीहरूले समाजवादविरुद्ध मनोवैज्ञानिकरूपमा भित्रभित्रै जनतालाई भड्काउने शीत युद्ध चलाए । यसकारण पनि सोभियत सङ्घ विघटन भयो र १५

*बाँकी पृष्ठ ८ मा*

# नेका महाधिवेशनबारे नेताहरूको फरक फरक मत

काठमाडौँ, १८ पुस । नेकाको महाधिवेशन गर्ने सम्बन्धमा चुलिएको विवाद यतिबेला उत्कर्षमा पुगेको छ । लामो प्रजातान्त्रिक अभ्यास भएको अनुभव प्राप्त नेकामा जहिले पनि महाधिवेशन कहिले गर्ने सम्बन्धमा किन विवाद हुन्छ भन्ने प्रश्न राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । बारम्बार छलफल गरे पनि नियमित अधिवेशन नहुने निश्चित भएपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा महाधिवेशनको तयारीमा लागेपछि नेकाका नेताहरूबिच विवाद उत्कर्षमा पुगेको हो; नेताहरूको मत बाझिएको हो । पुस १८ गते प्रकाशित सबैजसो दैनिक पत्रिकामा नेकाको अधिवेशनबारे भएको विवादको समाचार छापियो । 'काङ्ग्रेसको विशेष महाधिवेशनको बबाल', 'काङ्ग्रेस महामन्त्रीद्वयले लिए जोखिम', 'महाधिवेशन विवादले काङ्ग्रेस विभाजनको डिलमा', 'पेचिलो बन्दै काङ्ग्रेस किचलो : विशेष महाधिवेशन विवाद झन् उत्कर्षमा' जस्ता शीर्षकका विश्लेषणात्मक समाचारहरू छापिए । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको माग संस्थापन पक्षबाट अस्वीकार भएपछि सभापतिको परामर्शबिनै विशेष महाअधिवेशन बोलाउने गृहकार्य गरिएको देखिन्छ ।

महाधिवेशनको विवाद सुल्झाउने सन्दर्भमा शुक्रबार नेकाको केन्द्रीय कार्य सम्पादन समितिको बैठक बस्यो । उक्त बैठकमा पार्टीका प्रवक्ताले सम्पूर्ण कार्य तयारी नभएको कारण देखाई वैशाखको अन्तिममा महाधिवेशन गर्ने जानकारी दिए । त्यस विचारप्रति पुसमा महाधिवेशन गर्न चाहने पक्षले असन्तुष्टि देखाएको छ । तत्कालै केन्द्रीय समितिको बैठकले निर्णय नगरे पार्टीको विधानअनुसार महाधिवेशन नरोक्ने पार्टीका महामन्त्री गगन थापाले

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो




## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व. २०८२।८३ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत दोस्रो त्रैमासिक (२०८२ कार्तिक, मङ्सिर र पुसको) देहायबमोजिमका बैङ्कहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयहरू तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा वितरण गरिने हुँदा उक्त भत्ता रकम बुझ्न लाभग्राहीहरू देहाएबमोजिमका कागजातसहित उपस्थित भइदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| वडा नं. | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|
| १. | मिति २०८२ पुस २३ गते<br>मिति २०८२ माघ १ गतेदेखि | १ नं वडा कार्यालय, दूधपाटी<br>कुमारी बैङ्क, नपुखु |
| २. | मिति २०८२ पुस २१ र २२ गते | भ.न.पा. नेपाल बैङ्क काउन्टर, ब्यासी |
| ३. | मिति २०८२ पुस २४ गते<br>मिति २०८२ माघ १ गतेदेखि | ३ नं. वडा कार्यालय, वंशगोपाल<br>कुमारी बैङ्क, नपुखु |
| ४. | मिति २०८२ पुस २२ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५. | मिति २०८२ पुस २० गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६. | मिति २०८२ पुस २८ र २९ गते<br>मिति २०८२ पुस ३० गतेदेखि | ६ नं. वडा कार्यालय, भोलाछेँ<br>कुमारी बैङ्क, ब्यासी |
| ७. | मिति २०८२ पुस २१ र २२ गते<br>मिति २०८२ पुस २३ गतेदेखि | ७ नं. वडा कार्यालय<br>कुमारी बैङ्क, जगाती |
| ८. | मिति २०८२ पुस २१ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९. | मिति २०८२ पुस २० गतेदेखि २५ गतेसम्म | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १०. | मिति २०८२ पुस २१ र २२ गते<br>मिति २०८२ पुस २३ गतेदेखि | १० नं. वडा कार्यालय, कमलविनायक<br>नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू**

१. सामाजिक सुरक्षा परिचय पत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचय पत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक साथमा लिएर आउनुहोला ।

**पुनश्च** : उपरोक्त दिनहरूमा भत्ता बुझ्न नसकिने लाभग्राहीहरूले सम्बन्धित बैङ्कमार्फत प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

**थप जानकारीका लागि : सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा, भ.न.पा. : ०१–५९१८४४३**



**बनेपामा शुक्रबारे हाटबजार**

काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकाद्वारा लायकुली परिसरमा सञ्चालित 'शुक्रबारे हाटबजार' । डेढ वर्षदेखि नगरले हाटबजार सञ्चालनमा ल्याएपछि यहाँका किसानले उत्पादन गरेको विभिन्न वस्तुलाई बिक्रीका लागि सहज भएको बताएका छन् । *तस्बिरः राजकुमार पराजुली/रासस*

# बाराही साकोसको आयोजनामा सेयर बजारसम्बन्धी अभिमुखीकरण कार्यक्रम

भक्तपुर, १८ पुस । बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा शेयर बजारसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । संस्थाका सदस्य तथा पदाधिकारीहरूलाई पुँजी बजारका बारेमा जानकारी दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो ।




इम्पेरियल सेक्युरिटिज (ब्रोकर नं.४५) को सूर्यविनायक शाखाका शाखा प्रमुख माधव खनालको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रममा मेरो शेयरको प्रयोग, शेयर बजारमा लगानी गर्ने तरिका, जोखिम व्यवस्थापन र प्राथमिक (IPO) तथा दोस्रो बजार (Secondary Market) का विभिन्न पक्षबारे प्रशिक्षण दिइएको थियो । उहाँले डिम्याट खाताको प्रयोग र अनलाइन ट्रेडिङ प्रणाली (TMS) मार्फत कसरी सुरक्षित कारोबार गर्न सकिन्छ भन्नेबारे प्रयोगात्मक जानकारी गराउनुभएको थियो ।

बाराही सहकारीका अध्यक्ष राधेश्याम सुवालले सदस्यहरूको आर्थिक स्तर उकास्न र सुरक्षित लगानीका क्षेत्र पहिचान गर्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

संस्थाका व्यवस्थापक शिवजी हाकुदुवालले संस्थाको तर्फवाट संस्थाका विविध गतिविधि र हालको संस्थागत वित्तीय अवस्थाको जानकारी प्रस्तुत गर्दै शेयर बजारमा बुझेरमात्र लगानी गर्न आग्रह गर्दै सदस्यहरूलाई बचत तथा ऋणमा मात्र सीमित नभई आधुनिक पुँजी बजारसँग थप जोड्नको लागि यो कार्यक्रम आयोजना गरेको धारणा व्यक्त गर्नुभयो ।

शेयर बजारको प्रतिफलको सम्भावना उच्च भए पनि जोखिम पनि उत्तिकै रहने हुँदा अरुको लहलहैमा नलानी कम्पनीको वित्तीय अवस्था अध्ययन गरेर मात्र लागानी गर्न उहाँले सुझाव दिनुभयो ।

कार्यक्रममा कर्मचारी अनिता दुवाल, रामलक्ष्मी प्रजापतिलगायतले बोल्नुभएको थियो । आयोजक उपसमितिका संयोजक एवं सभापति कृष्ण प्रजापतिबाट प्राविधिक सहयोगका लागि इम्पेरियर सेक्यूरिटिजका माधव खनाललाई मायाको चिनोसहित धन्यवाद दिँदै सहभागी सदस्यहरूलाई सिकेका शिक्षणलाई व्यवहारमा उतार्न आग्रह गरिएको थियो ।

उक्त कार्यक्रममा सहभागीहरूले बित्तीय साक्षरता वृद्धि गर्न र अनलाइनमार्फत शेयर कारोबार गर्न आत्मविश्वास बढाउनुका साथै शेयर बजारमा बढ्दो आकर्षणसँगै यस्ता सचेतनामूलक कार्यक्रमले गलत हल्लाको पछि नलागी सही लगानी निर्णय लिन मद्दत गर्ने धारणा राखेका थिए ।

# ताथलीमा खुला बाँसुरी बाजा प्रतियोगिता हुने

***- हरिसुन्दर छुकां***

भक्तपुर, १८ पुस । चाँगुनारायण नगरपालिका वडा नं. ९ ताथलीको आयोजनामा खुला बाँसुरी बाजा प्रतियोगिता-२०८२ हुने भएको छ । परम्परागत संस्कृति, कला र मौलिक बाजागाजाको संरक्षण तथा प्रवर्द्धन गर्ने लक्ष्यका साथ प्रतियोगिता गर्न लागिएको हो ।

प्रतियोगिता माघ १६ गते ( शुक्रबार) ताथलीको फैढोका आधारभूत विद्यालय, चाँगुनारायण-९ ताथलीमा सञ्चालन हुनेछ । प्रतियोगिता खुला प्रकृतिको रहने भएकाले विभिन्न बाँसुरी बाजा खल, दाफा भजन समूह तथा सङ्घ-संस्थाहरूको सहभागिता रहने अपेक्षा गरिएको छ ।

चाँगुनारायण नगरपालिकामा जारी नगरकोट भ्रमण वर्ष २०८२ अन्तर्गत उक्त प्रतियोगिता आयोजना गर्ने तयारीमा वडा कार्यालय जुटेको वडा कार्यालयले जनाएको छ ।

नेपालको साङ्गीतिक परम्परामा बाँसुरी मनोरञ्जनको साधन मात्र नभई धार्मिक, सांस्कृतिक र भावनात्मक अभिव्यक्तिको सशक्त माध्यमका रूपमा रहेको छ । दाफा भजन, जात्रा, पूजा-आराधना तथा विभिन्न संस्कारहरूमा प्रयोग हुँदै आएको बाँसुरीले प्रकृति, मानव भावना र अध्यात्मलाई एकसाथ जोड्ने भूमिका खेल्दै आएको सांस्कृतिक जानकारहरू बताउँछन् । पछिल्लो समयमा आधुनिक बाजागाजाको प्रभाव बढ्दै जाँदा परम्परागत बाँसुरी बाजा ओझेलमा पर्न थालेकाले यस्ता प्रतियोगिताले यसको संरक्षण र निरन्तरतामा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

वडा समितिले प्रतियोगिताका लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम आयोजना गर्न लागेको वडा नं. ९ का वडाध्यक्ष गणेश त्यातले बताउनुभयो । "बाँसुरी हाम्रो मौलिक सांस्कृतिक पहिचानसँग जोडिएको बाजा हो । 'नगरकोट भ्रमण वर्ष २०८२' लाई लक्षित गर्दै यस्ता परम्परागत बाजागाजालाई जगेर्ना गर्नु हाम्रो दायित्व हो । यस प्रतियोगिताले नयाँ पुस्तालाई बाँसुरी बाजातर्फ आकर्षित गर्नेछ भन्ने विश्वास छ," उहाँले भन्नुभयो ।

वडा सदस्य रविन बासुकलाको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको छ । उहाँले भन्नुभयो, "बाँसुरी बाजा सिक्ने र बजाउने संस्कार हराउँदै गएको अवस्थामा यो प्रतियोगिताले अभ्यास र प्रस्तुतीकरणको अवसर प्रदान गर्नेछ । सहभागी सबै समूहलाई सम्मान गर्ने र उत्कृष्ट टोली तथा प्रशिक्षक (गुरु) लाई विशेष कदर गर्ने व्यवस्था गरिएको छ । सबै इच्छुक खल र समूहलाई सहभागिताका लागि हार्दिक अनुरोध गर्दछु ।"

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने समूहहरूलाई नगद पुरस्कार, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । प्रथम पुरस्कार रु. २५,०००, द्वितीय रु. १५,०००, तृतीय रु. १०,००० र सान्त्वना पुरस्कार रु. ५,००० तोकिएको छ । सहभागी सम्पूर्ण समूहलाई मायाको चिनो स्वरूप मादल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

दर्ता शुल्क रु. १,००० रहेको छ । प्रतियोगितामा सहभागी टोली दर्ता आगामी माघ ११ गतेसम्म गरिनेछ । प्रतियोगितामा बढीमा २० टोली मात्र सहभागी गराइने आयोजक समितिले जनाएको छ ।

# विद्यार्थीको जीपीएलाई मात्रै लिएर मूल्याङ्कन गर्ने परिपाटी गलत

भक्तपुर, १८ पुस । एभरेस्ट स्कूल भक्तपुरमा बिहीबार सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रम भयो ।

कार्यक्रममा स्कूलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले स्कूलले विद्यार्थीहरूको मूल्याङ्कन अभिभावक नम्बर पनि राखेर गरिने बताउनुभयो । प्रत्येक अभिभावकका विद्यार्थीलाई आ-आफ्ना नानीबाबुहरूको घरमा गर्ने क्रियाकलपाको मूल्याङ्कन गराई उनीहरूबाटै पाएको नम्बरसमेत समेटेर विद्यार्थीको मूल्याङ्कन गर्ने उहाँले सुनाउनुभयो ।

शिक्षाविद् रामगोपाल कर्माचार्यले विद्यार्थीको जीपीएलाई मात्रै लिएर मूल्याङ्कन गर्ने परिपाटी गलत भएको बताउँदै जीपीएसँगै विद्यार्थीको सर्वाङ्गीण विकासमा विद्यालयहरूले विशेष ध्यान दिनुपर्नेमा जोड दिनसभयो ।

वरिष्ठ गीतकार श्याम तमोटले किताबमा मात्रै विद्यार्थीलाई सीमित गर्नु कुनै हालतमा पनि बुद्धिमानी नहुने बताउनुभयो ।

कार्यक्रम दुई चरणमा भएको थियो । पहिलो चरणमा मेडल वितरण भएको थियो । दोस्रो चरणमा वार्षिक सांस्कृतिक प्रदर्शनी भएको थियो । पहिलो चरणमा विजेता विद्यार्थीहरूलाई प्रिन्सिपल कमलादेवी राजभण्डारी अमात्यले मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

दोस्रो चरणको कार्यक्रममा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक प्रस्तुतिहरू प्रस्तुत गरेका थिए । उनीहरूले गीत, नृत्य, धिमे, उसु, योगा, जिम्यास्टिकलगायतका देखाएका थिए । विद्यार्थीले चर्या नृत्य र महिषासुर भगवतीको आकर्षक नृत्य पनि देखाएका थिए ।

# माधवनारायण (ख्वप संस्करण) भजन सार्वजनिक

भक्तपुर, १८ पुस । भक्तपुरको ऐतिहासिक तथा धार्मिक पहिचानसँग जोडिएको एकमहिने माधवनारायण व्रत मेलालाई केन्द्रमा राखी तयार गरिएको माधव नारायण (ख्वप संस्करण) भजन सार्वजनिक भएको छ । ध्यान दाइ नामको युट्युब च्यानलमार्फत सार्वजनिक भएको उक्त भजनको शब्द तथा स्वर भक्तपुर नगरपालिका वडा नं ४ निवासी ध्यान दाइ उपनामले चिनिने हरिकृष्ण किजुले तयार गर्नुभएको हो ।

माधवनारायण (ख्वप संस्करण) भजनमा सङ्गीत रविम कपालीले भर्नुभएको हो भने मिक्स तथा मास्टरिङ श्रीजल साँयजुद्वारा सम्पन्न गरिएको हो । उक्त गीतलाई शब्दसहितको भिडियो बिमल बाहालाले तयार गर्नुभएको छ ।

भक्तपुरको हनुमानघाट क्षेत्रमा पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म सञ्चालन हुने माधवनारायण व्रत मेला राजा रणजित मल्लले सुरु गरेको ऐतिहासिक व्रत काठमाडौँको साँखुस्थित श्रीस्वस्थानी व्रत मेलाभन्दा पुरानो भएको इतिहास छ ।

रचनाकार किजुका अनुसार साँखुस्थित व्रत मेलाको व्यापक प्रचार-प्रसार भएको भए पनि भक्तपुरको माधवनारायण व्रत अपेक्षित रूपमा छायामा परेको छ । यस्तो अवस्थामा भक्तपुरको माधवनारायणलाई केन्द्रमा राखेर तयार गरिएको यो भक्तिगीत सार्वजनिक भएपछि भक्तपुरको माधवनारायण व्रतको प्रचार-प्रसारमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# २८ वर्षपछि जिउ मास्ने बेच्ने मुद्दाको फरार प्रतिवादी पक्राउ

भक्तपुर, १८ पुस । जिल्ला प्रहरी परिसरले ललितपुर उपमहानगरपालिका वडा नं. ९ बस्ने कमल खतिवडालाई २८ वर्षपछि पक्राउ गरेको जनाएको छ । ताप्लेजुङ थुम्बेदिन गाविस वडा नं. २ साबिक ताप्लेजुङ पाथिभरा याङवरक गाउँपालिका घर भई ललितपुर उपमहानगरपालिका वडा नं. ९ बालकुमारी बस्ने खत्रीलाई जिउ मास्ने बेच्ने कार्यमा संलग्न भएको आरोपमा झापाको बिर्तामोड नगरपालिका वडा नं. १ बाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसरले जनाएको हो । जिल्ला प्रहरी परिसरले निज खत्रीलाई पुस १८ गते जिल्ला अदालत भक्तपुरमा पेस गर्न पाँच दिन म्याद थप गरी अनुसन्धान कार्य गरिरहेको बुझिएको छ । यसअघि २०५४ साल मङ्सिरमा एक १७ वर्षकी महिलालाई मनकामना गोरखा घुम्न जाउँ भनी प्रलोभन देखाई भारतमा लगी जिउ मास्ने बेच्ने कार्यमा ठगी गरेको निवेदन परेको थियो ।

# भूमिगत विद्युतीकरणको काम ८३ प्रतिशत

चितवन, १८ पुस । भरतपुर महानगरपालिकाको सहरी क्षेत्रमा सुरु गरिएको भूमिगत विद्युतीकरणको काम ८३ प्रतिशत सम्पन्न भएको छ । मुख्य राजमार्गका केही स्थानमा बाहेक अन्य क्षेत्रमा भूमिगतको काम सम्पन्न भएको हो ।

नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इञ्जिनियर आनन्द सुवेदीका अनुसार महानगरपालिको मुख्य सहरी क्षेत्रअन्तर्गत हाकिमचोक, केन्द्रीय बस टर्मिनल, सहिदचोकदेखि वीरेन्द्र क्याम्पससम्म भूमिगत विद्युतीकरणको लाइन जडानको काम बाँकी रहेको छ ।

यहाँको काम ८३ प्रतिशत सकिएको जनाउँदै उहाँले पाइप जडान, डिभाइस जडान, फाउन्डेसन निर्माण लगायतका काम सकिएको बताउनुभयो । बाँकी रहेको भूमिगतको कामसँगै घरमा जोड्ने काम पनि भइरहेको उहाँले जानकारी दिनुभयो । फागुन मसान्तसम्ममा काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

केन्द्रीय बस टर्मिनलदेखि गोन्द्राङसम्मको सडकमा पहिला ३३ केभिए लाइन मात्रै भूमिगत गर्ने भनिएको भए पनि अहिले थप गरी ११ केभिए र ४०० भोल्टको लाइनलाई भूमिगत गरिने उहाँको भनाइ छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

### सामग्री ढुवानीका लागि आवेदन दिन आयोगको आग्रह

काठमाडौँ, १८ पुस । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि अत्यावश्यक सामग्री ढुवानीका लागि सम्बद्ध पक्षलाई आग्रह गरेको छ ।

निर्वाचनमा प्रयोग हुने निर्वाचन सामग्री ढुवानीका लागि हेलिकप्टर, ट्रक, कन्टेनर प्रयोग गरिनेछ । ढुवानीका लागि कुरियर सेवा सञ्चालन गर्ने फर्म वा कम्पनीलाई सूचीकृत हुन आउन आयोगले आग्रह गरेको छ ।

आयोगले सूचीकृत हुन इच्छुक फर्म वा कम्पनीलाई आवश्यक शर्त पूरा गरी आवेदन दिन भनिएको छ । सम्बन्धित निकायबाट सेवा सञ्चालन गर्न प्राप्त गरेको इजाजतपत्र, मूल्यअभिवृद्धिकर दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्र र विगत तीन आवको कारोबार विवरण खुलेको प्रमाणपत्रको प्रतिलिपि पेस गर्न आयोगले आग्रह गरेको छ । *(रासस)*

### सन् २०२५ मा ११ लाख ५८ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिए

काठमाडौँ, १८ पुस । सन् २०२५ मा ११ लाख ५८ हजार ४५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२५ मा विभिन्न मुलुक हुँदै उक्त सङ्ख्यामा पर्यटक नेपाल भित्रिएका हुन् ।

सन् २०२४ मा भने ११ लाख ४७ हजार ५४८ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२५ मा अघिल्लो वर्षको तुलनामा केही सङ्ख्या बढेको छ, जसमा छिमेकी मुलुक भारतबाट दुई लाख ९२ हजार ४३८, अमेरिकाबाट एक लाख १२ हजार ३१६, चीनबाट ५८ हजार ६८४, बेलायतबाट ५७ हजार ५४५, बङ्गलादेशबाट ४९ हजार ३५७, अष्ट्रेलियाबाट ३७ हजार ५५०, श्रीलङ्काबाट ३० हजार २४३, थाइल्यान्डबाट ३० हजार २२७ र जर्मनीबाट २४ हजार ७६३ पर्यटक नेपाल घुम्न आएका नेपाल पर्यटन बोर्डले जनाएको छ ।

तथ्याङ्कअनुसार गत डिसेम्बरको एक महिनामा मात्र ९८ हजार १९० पर्यटक नेपाल आएका थिए । उक्त महिनामा छिमेकी मुलुक भारतबाट ३० हजार ९३, चीनबाट आठ हजार ६८०, अमेरिकाबाट छ हजार ६०५, बङ्गलादेशबाट चार हजार ९८०, अष्ट्रेलियाबाट चार हजार ४१९, थाइल्यान्डबाट चार हजार २३४, बेलायतबाट तीन हजार ७९३, म्यानमारबाट दुई हजार ७५८ र मलेसियाबाट दुई हजार ४२९ पर्यटक भित्रिएका छन् । *(रासस)*

### बाक्लो हुस्सु र कुहिरोले पश्चिम तराईको जनजीवन प्रभावित

खजुरा, १८ पुस । बाक्लो हुस्सु र कुहिरोले बाँकेलगायत पश्चिम तराईको जनजीवन प्रभावित भएको छ । चिसोले बालबालिका, विद्यार्थी, मजदुर, गरिब, असहाय र ज्येष्ठ नागरिक बढी प्रभावित भएका छन् ।

स्थानीय घरबाहिर निस्कन सकेका छैनन् । बिहान खुल्ने पसल र बजार पनि ढिलो गरी खुलिरहेका छन् । साँझपख पनि चिसो बढ्न थालेपछि बजार सम्साझैँ सुनसान हुन थालेका छन् । कठ्याङ्ग्रिँदो चिसोसँगै हुस्सु लाग्दा सवारीसाधन चलाउन पनि समस्या भएको सवारी चालक नेपालगन्ज १६ का रामप्रसाद थारु बताउनुहुन्छ । *(रासस)*

### भेरी अस्पतालमा भिरिङ्गी रोगसम्बन्धी अनुसन्धान सुरु

नेपालगन्ज, १८ पुस । भेरी अस्पताल नेपालगन्जमा सिफलिस (भिरिङ्गी) रोगसम्बन्धी अनुसन्धान यहाँ सुरु गरिएको छ । किशोर तथा किशोरीमा देखिएको जोखिमपूर्ण यौन सम्बन्धका कारण सिफलिस देखिएकाले यसको आर्थिक तथा सामाजिक अध्ययन गर्न एकवर्षे वैज्ञानिक अध्ययन सुरु भएको भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट, छाला तथा यौन रोग विशेषज्ञ डा. बद्री चापागाईंले जानकारी दिनुभयो ।

उहाँले सो रोग लागेकै कारण विदेश जानेहरूलाई रोक्न नहुनेमा जोड दिँदै रोगको उपचार, परीक्षण तथा परामर्शका लागि भेरी अस्पतालमा भेनस कर्नर स्थापना गरिएको बताउनुभयो । विशेषज्ञ डा. चापागाईंले भन्नुभयो, "यसको जोखिम बढ्दै गएकाले बिरामीलाई अस्पतालमा सहज पहुँच पुऱ्याउन यस्तो प्रयास गरेका छौँ ।"

अध्ययनको नेतृत्व गर्नुभएका अस्पतालका प्रमुख कन्सल्टेन्ट छाला तथा यौन रोग विशेषज्ञ डा. चापागाईंले सिफलिसलाई केवल व्यक्तिगत स्वास्थ्य समस्याका रूपमा सीमित गर्न नहुने धारणा व्यक्त व्यक्त गर्नुभयो । सिफलिस सामाजिक व्यवहार, वैदेशिक रोजगारी, औषधिको अनियन्त्रित प्रयोग र नीतिगत कमजोरीसँग गाँसिएको जटिल सार्वजनिक स्वास्थ्य समस्या भएको जानकारी दिँदै उहाँले दैनिक चिकित्सकीय अभ्यासमा देखिँदै आएका यथार्थलाई वैज्ञानिक प्रमाणका आधारमा प्रस्तुत गर्नसमेत अध्ययन सुरु गरिएको बताउनुभयो ।

विशेषज्ञ डा. चापागाईंका अनुसार हाल उपचार पूरा भइसकेका धेरै व्यक्ति पनि रगतको एक मात्र परीक्षण 'टिपिएच ए' पोजेटिभ भएको आधारमा वैदेशिक रोजगारीका लागि अयोग्य ठहरिने अवस्था देखिएको छ । *(रासस)*

# सरसफाइ र परम्परागत पेसा प्रवर्द्धन गर्ने मौलिक पर्व : छ्याला पुन्ही

✍ सत्यराम कासिछ्वा

नेवार समुदायका मानिसले वातावरण सरसफाइ गर्नुका साथै आफ्नो मौलिक परम्परागत पेसालाई जीवन्तता दिने गर्दछ । यहीँ क्रममा नेवार समुदायमा रहेका विभिन्न चाडपर्वहरू कृषि र सरसफाइसँग सम्बन्धित रहेका छन् । जसमध्ये एक हो, पौष शुक्ल पूर्णिमाको दिन नेवार समुदायले मनाउने पर्व छ्याला पुन्ही । यस दिन नेवार समुदायको घरमा वर्षभरि प्रयोग गरी टुटेफुटेका, चर्केका माटोका सामान अर्थात् भाँडाकुँडाहरू एकाबिहानै विशेष गरेर महिलाहरूले घरनजिक रहेको 'छ्वास' (टोलको चौबाटोमा रहेको ढुङ्गा) मा फुटाएर घरको सरसफाइ गर्ने चलन रहेको छ ।

यो दिन नेवार समुदाय रहेको नगरभरिका विभिन्न ठाउँमा माटाका भाँडा फुटाइराखेको देखिन्छ ।

यस पुन्हीलाई मिला पुन्ही पनि भनिन्छ । मिला महिना अर्थात् आगो ताप्ने महिना भएकोले मिला पुन्ही भन्ने गरिन्छ । पुस/माघ महिनामा धेरै जाडो हुने भएकोले यो पूर्णिमादेखि आगो बालेर ताप्ने र शरीर तताउने चलन छ ।

**'छ्याला पुन्ही' को धार्मिक पक्ष**

यसै दिनदेखि भक्तपुरको हनुमानघाट, काठमाडौँको साँखु र ललितपुरको लुभुमा एकमहिने स्वस्थानी माताको व्रत बस्न सुरु गर्ने प्रचलन रहेको छ । यसैदिन, चाँगुनारायण काठमाडौँको तलेजु भवानीकोमा लग्ने गरिन्छ ।

**जनश्रुति**

चाँगुनारायण, लक्ष्मी र सरस्वतीको प्रतीक चाँदीको तीनवटा कलश तलेजुमा लग्ने लिच्छविकालीन परम्परा हो । लिच्छविकालमा यसरी चाँगुनारायणलाई तलेजु लगिँदा उक्त यात्रा रोक्न वा पर सार्न भगवान्लाई अपसगुन होस् र यात्रा रोकियोस् भन्ने उद्देश्यले बाटोमा माटाका भाँडाकुँडाहरू फुटाउने प्रचलन रहेको जनश्रुति पाइन्छ ।

चाँगुनारायणको तलेजु यात्रा रोक्न बाटोमा फुटाइएका माटाका भाँडाहरूलाई सफा गर्ने गतिविधि नै कालान्तरमा संस्कृतिको प्रचलन बनेको हो । सोही



प्रचलनलाई पछ्याउँदै आज छ्याला पुन्ही अर्थात् पौष शुक्ल पूर्णिमाको दिन फुटेका माटाका भाँडा खोजेर घरनजिकै मिल्काउने चलन चलिआएको हुनसक्ने अनुमान गरिन्छ ।

चाँगुनारायण काठमाडौँ ल्याएको हो भनी साक्षी राख्न वसन्तपुरमा कुमारीको समेत उपस्थिति गराइने प्रचलन छ ।

**'छ्याला पुन्ही' को विशेषता**

नेवार समुदामा मनाइने पर्व दुईथरीका हुन्छन् । एउटा भोज खाने र अर्को नखाने । यस पर्वका दिन कुनै अरू जात्रापर्वमा जस्तै बाजागाजा बजाएर रमाइलो गर्ने र भोजभतेर तथा अन्य केही पनि चल्दैन । तर, यो समयमा गुठीको भोज हुन्छ । छ्याला पुन्हीको दिन नेवार समुदायको कुनै पनि घरमा भोजको कुनै परिकार पाक्दैन । यो पर्वमा बिहानै चोक-चोकमा घरमा रहेका टुटेफुटेका, चिरा परेका माटाका भाँडाकुँडा फाल्न लानेबाहेक केही हुँदैन ।

नेवार समुदायमा माटाका भाँडाकुँडाहरू वर्षमा एकपटक दसैँमा भित्र्याउने परम्परा रहेको छ भने छ्याला पुन्हीको दिन फाल्न लाने गरिन्छ । प्लास्टिक, पितल, तामाजस्ता भाँडाकुँडाहरू नभएको बेलामा पहिला खाना पकाउनेदेखि लिएर सबै चिजका लागि माटाका भाँडाकुँडाहरू प्रयोग हुने गर्दथ्यो ।

नेवार समुदायमा चिरा परेका, काम नलाग्ने भाँडाकुँडाहरू घरमा राखिराख्दा अशुभ हुने जनविश्वासले वर्षमा एकपटक छ्याला पुन्हीका दिन भाँडाकुँडाहरू घरशुद्धिका लागि चोकमा फालिन्छ । अन्य दिन भाँडाकुँडाहरू फाल्दा फोहोर हुने भएकोले एकैदिन सबैले आफ्नो नजिकको चोकमा भाँडाकुँडाहरू फाल्ने प्रचलन रहेको हो ।

यस पर्वलाई जीवन्तता दिनसके एकातिर परम्परागत माटाका भाँडाकुँडा बनाउने पेसा जगेर्ना हुने र अर्कोतिर संस्कृतिले जीवन्तता पाउँछ । माटाका भाँडाकुँडाको स्थान प्लास्टिकका भाँडाकुँडाले लिन थाल्दा माटाका भाँडाकुँडा बनाउने कुमालेहरू पनि परम्परागत मौलिक व्यवसायबाट पलायन हुन थालेका छन् ।

नेवार समाजको सभ्यताको सुरुवातदेखि नै यो प्रचलन चलेको पाइन्छ । अहिलेको प्लास्टिकजन्य भाँडाकुँडाको अत्यधिक प्रयोग गर्ने संस्कार बढ्दा यो पर्व लोप हुनसक्ने अवस्था एकातिर छ भने अर्कोतिर अत्यधिक प्लास्टिकजन्य भाँडाकुँडा र सरसामानको प्रयोगले वातावरण प्रदूषणसहित मानव स्वास्थ्य र सम्पूर्ण प्राणीको जीवनमाथि खतरा सिर्जना गरेको छ ।

यसर्थ, वातावरण संरक्षण र सरसफाइ गर्ने मौलिक परम्परागत पेसाको जगेर्नासहित लिच्छविकालीन छ्याला पुन्ही पर्व जीवन्त बनाउन प्लास्टिकजन्य भाँडाकुँडाको प्रयोगलाई क्रमशः कम गर्दै लग्ने नीति हरेक सरकारको हुनुपर्छ ।

# शैक्षिक अवस्थामा सुधार ल्याउन अतिरिक्त कक्षा

मान्म (कालीकोट), १८ पुस । कालीकोटको रास्कोट नगरपालिकाले एसईईमा शैक्षिक सुधार ल्याउन भन्दै आवासीय सुविधासहितको अतिरिक्त कक्षा सञ्चालन गरेको छ ।

नगरपालिकाभित्रका चार माध्यमिक विद्यालयमा एसईई दिने विद्यार्थीका लागि आवासीय सुविधासहित अतिरिक्त कक्षा सञ्चालन गरिएको हो । यही शैक्षिक सत्रमा हुने एसइई नतिजा सुधारका लागि आवासीय सुविधासहित अतिरिक्त कक्षा सञ्चालन गरिएको हो ।

नगरपालिकाका चारवटै माध्यमिक विद्यालयले यस वर्षदेखि ३०९ विद्यार्थीलाई एसईई तयारीका लागि आवासीय व्यवस्थापन गरेर विद्यालयमै राखेर दिउँसो नियमित पढाइका साथै बिहान बेलुकी थप तयारी कक्षा सञ्चालन गरिरहेको रास्कोट नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख खेमराज शाहीले बताउनुभयो ।

"विद्यार्थीबाट केही रकम लिएर आवासीय कक्षा सञ्चालन गरिएको छ", उहाँले भन्नुभयो, "आर्थिक रूपमा विपन्न केही विद्यार्थीलाई विद्यालयले शुल्क मिनाहा पनि गरेको छ ।"

बडीमालिका माध्यमिक विद्यालय रास्कोटले ५६ छात्र र ४८ छात्राबाट प्रतिव्यक्ति मासिक रु. चार हजार शुल्क, कालाशिल्ला माध्यमिक विद्यालयले ४४ छात्र र ३७ छात्रालाई प्रतिविद्यार्थी मासिक रु. चार हजार ९५० शुल्क, जनजागृति माध्यमिक विद्यालय फुकोटले ३७ छात्र र ४४ छात्रालाई मासिक रु. चार हजार शुल्क तोकेको प्रमुख शाहीले जानकारी दिनुभयो ।

त्यस्तै, मोतीराम माध्यमिक विद्यालय सिख्नानाले २० छात्रा र २३ छात्रबाट नगद रु. तीन हजार र १५ किलो चामल र दुई किलो दालका दरले शुल्क उठाएर आवासीय सुविधासहित अतिरिक्त कक्षा सञ्चालन गरिएको शाखा प्रमुख शाहीले बताउनुभयो ।

"नगद तिर्न नसक्ने विद्यार्थीले उक्त मूल्य बराबरको चामल, दाल, तरकारी र दाउरा उपलब्ध गराउनसक्ने व्यवस्था गरेको छ" उहाँले भन्नुभयो, "आवासीय विद्यालयका लागि नगरपालिकाले प्रतिविद्यालय रु. दुई लाख तथा द्रुत सिकाइअन्तर्गत प्लान इन्टरनेसनल र हुरेन्डेकको सहकार्यमा सञ्चालित सशक्त बालिका परियोजनाले रु. ५० हजारका दरले शिक्षकको पारिश्रमिक र परीक्षण परीक्षाका लागि व्यहोर्ने छन् ।"

विद्यार्थीबाट उठाइने शुल्कबाट बिहानको खाजा, खाना, दिउँसोको खाजा र बेलुकीको खानासहित प्रत्येक शनिबार मासु खुवाउने मेनु बनाइएको कालाशिल्ला माध्यमिक विद्यालयका प्रधानाध्यापक देवराज चौलागाईंले बताउनुभयो । गत वर्ष आफ्नो विद्यालयको एसईई नतिजा कमजोर भएकोले यस वर्ष आवासीय सुविधासहित पढाउन थालिएको नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताउनुभयो ।

"नगरको बडिमालिका माध्यमिक विद्यालयले मात्र विगतमा आवासीय रूपमा विद्यार्थी राखेर थप कक्षा सञ्चालन गर्दा नतिजामा सुधार आएकोले यस वर्षदेखि चारवटै माध्यमिक विद्यालयले आवासीय रूपमा विद्यार्थी राखेको हो", उहाँले भन्नुभयो ।

जिल्लाका नौ स्थानीय तहमध्ये अन्य आठ स्थानीय तहका एसइई परीक्षा दिने विद्यार्थी, जिल्लाका अन्य स्थानीय तहका विद्यार्थी ट्युसनको खोजीमा जिल्ला सदरमुकाम मान्म, सुर्खेतलगायत ठाउँ जान बाध्य छन् । *(रासस)*

# "समानुपातिक समावेशी अधिकारको दुरूपयोग गर्न पाइँदैन"

काठमाडौँ, १८ पुस । महिला अधिकारकर्मीले संविधानको भावनाअनुरूप समानुपातिक समावेशी अधिकार सुनिश्चित हुनुपर्ने माग गरेका छन् । महिला अधिकारका लागि दबाब अभियानले आज यहाँ माइतीघर मण्डलामा दबाबका लागि ऱ्यालीसहित अधिकारको माग गरिएको हो । त्यस क्रममा माइतिघर मण्डलाबाट सुरु भएको ऱ्याली बानेश्वरमा पुगेर कोणसभामा परिणत भएको थियो ।

ऱ्यालीमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था धनी र सम्पन्नशाली व्यक्तिका लागि नभई सीमान्तकृत, महिला, दलित, जनजाति र पछाडि पारिएका समुदायको अधिकारका लागि रहेको भन्दै विरोध जनाइएको थियो । सहभागी महिलाहरूले संविधानप्रदत्त समानुपातिक समावेशी अधिकारको पालना, दण्डहीनताको अन्त्य, नेतृत्वमा महिला सहभागितालगायत विषयमा लेखिएका 'प्ले कार्ड' सहित प्रदर्शन गरेका थिए ।

कोणसभामा गैरसरकारी संस्था महासङ्घका वरिष्ठ उपाध्यक्ष नानीमाया थापाले विगतमा पनि राजनीतिक पार्टीले समानुपातिक उम्मेदवारमा धनाढ्य, आफन्त र पहुँचवालालाई स्थान दिने गरेको भन्दै यसपटक नयाँ पार्टीहरूले पनि चर्चित र सम्पन्न व्यक्तिलाई नै समानुपातिकमा नाम राखेकामा विरोध जनाउनुभयो ।

कोणसभामा जेनजी पुस्ताका अगुवा नेता मोनिका निरौलाले संविधानप्रदत्त अधिकारको सही प्रयोग गर्न राजनीतिक दल सचेत हुनुपर्नेमा जोड दिनुभयो । *(रासस)*

**। सम्पादकीय ।**

# विदेशी दलाललाई संसद्भित्र छिर्ने मौका दिन नहुने

नेपालको संसद्भित्र कुनै पनि विदेशी दलाल, विदेशी शक्तिराष्ट्रको उठबसमा चल्ने दल र दलका नेताहरूलाई छिर्न दिनु हुँदैन; छिर्ने वातावरण नेपाली जनताले तयार गर्नु हुँदैन । विदेशी शक्ति राष्ट्रको इसारा या उठबसमा चल्ने व्यक्तिहरू संसद्मा छिरेमा, छिरेर प्रधानमन्त्री भएमा नेपाल र नेपाली जनतामा अहिले भन्दा बढी दूरगामी असर पर्नेमा शङ्का छैन । तात्तातो र उग्र विचार राख्ने, जोशमा होस नपुऱ्याउने व्यक्तिहरूको हातमा सरकारको नेतृत्व पुग्यो भने विदेशी चलखेल बढेर देशको स्वाधीनता र सार्वभौमिकतामा आँच पुग्ने प्रवल सम्भावना हुन्छ । यति बेला देशको राजनीति सही ढङ्गले अघि बढेको छैन । राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील भइरहेको यो देशमा विदेशी चलखेल बढेमा, विदेशीहरूको आर्थिक सहयोगले ठाउँ पाएमा देशको दिशा कतातिर मोड्ने हो ? चिन्ताको विषय छ । सिद्धान्त र विचारले नभिजेका, कुनै दर्शन नभएका दलका युवाहरू यतिबेला नयाँ शक्तिका नयाँ युवालाई ठाउँ छोड्नुपऱ्यो, बागडोर छोड्नु पऱ्यो भनी कड्कन थालेका छन् । संसद्मा एक्लैले चिच्याएर केही नहुने भनी जनतालाई भड्काउने, मति बिगार्ने मन्दविष छर्न थालेका छन् । जोशिला, जाँगरिला र आँटिला भनेर उनीहरूलाई निर्वाचनमा जिताएर देश छोड्यो भने देशको भविष्य के होला ? आम जनताले दिमागलाई ठण्डा पारेर सोच्नुपर्ने बेला आएको छ ।

जेन-जीको आन्दोलनको क्रममा भदौ २४ गते भएको तोडफोड र आगजनीले नेपालमा विदेशीहरू घुसपैठ भइसकेकोमा शङ्का छैन । देशका सम्पत्तिमा आगो लगाएर खरानी पार्ने, खरानी पार्न सहयोग गर्ने दल, दलका मतियार र उच्छृङ्खल तथा अराजक व्यक्तिलाई हुल्याएर देशलाई कमजोर र असफल पार्ने कुत्सित प्रयासतर्फ व्यापक जनता सचेत हुनैपर्छ । फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनलाई जनताले सतही ढङ्गले हेर्नु हुँदैन; युवा हो युवाले गर्छ भनेर जनता चुक्नु हुँदैन, झुक्नु हुँदैन । हल्लाको राजनीति गरेर लहर फैलाउने, ल्याउने दल र दलका युवाहरूदेखि सतर्क हुनैपर्छ । नयाँ दल र शक्तिले गर्ला कि भनेर हामीले आँखा चिम्लेर जो कसैलाई मतदान गऱ्यौँ भने पछि नेपाल र नेपाली जनताले धोका पाउनेछन् र हुनसम्मको दु:ख पाउनेछन् । त्यस्तै चिन्ता र पीडाले होला, नयाँ दलका युवाहरूलाई पराजित गर्न सकिएन भने देश नै छाड्ने अभिव्यक्ति पनि युवाहरूले दिन थालेका छन् । त्यस्ता पात्रहरूको धरौटी नै जफत गराएर हराउने अठोट पनि उनीहरूले गर्न थालेका छन् ।


आफूहरू जसरी भए पनि जित्नको लागि विगतको निर्वाचनमा भन्दा विदेशी चलखेल बढेको कारण यो पटक निर्वाचनमा पैसाको खोलो बगाउन पनि पछि नपर्ने दल र समूहहरू नहोला भन्न सकिँदैन । अरबपतिका सन्तानलाई समानुपातिकमा नाम राखेर निर्वाचनको निम्ति पैसा जोहो गर्ने खेल खेल्न थालेको आभास पनि यतिबेला हुन थालेको छ । भदौ २४ गतेको आन्दोलनमा घुसेका युवाहरू सिद्धान्त र विचारबाट भिजेका भए; नेपाल र नेपालीप्रति सद्भाव र आस्था र विश्वास भएका भए के सर्वोच्च अदालत, सिंहदरबार, संसद् भवन जल्थ्यो ? अहिले झैँ विदेशी चलखेल बढ्दै गयो भने देशको स्थिति के होला ? ठुला दलका शासकहरूले देशको सम्पत्तिमा रजाइँ गरे, कलकारखाना बेचे, भ्रष्टाचार र अनियमितता गरे, देशलाई परनिर्भर बनाए भनेर देशको स्वाधीनता र सार्वभौमिकतामा आँच पुऱ्याउने कामलाई विकल्प सोच्नु कुनै हालतमा बुद्धिमानी होइन । अदालत, सिंहदरबार र संसद् भवन जलाउनेहरूमाथि खोजीखोजी कारबाही गर्नुपर्नेमा तोडफोड र आगजनी गर्नेहरूलाई प्रोत्साहन मिल्ने, सहयोग पुग्ने दल र दलका उम्मेदवारहरूलाई जिताउनु भनेको नेपाल र नेपाली आमाको छातीमा लातमार्नु सरह हुनेछ ।

विगतको निर्वाचनभन्दा यो निर्वाचनलाई जनताले सहज ढङ्गले हेर्नु मनासिब हुँदैन । यो निर्वाचनमा जनताले गहिरिएर ध्यान पुऱ्याएनन्; विचार गरेनन् भने देशमा गम्भीर दुर्घटना हुन सक्नेतर्फ सबै सचेत हुनु जरुरी छ । सबै पुराना दल गलत र सबै नयाँ दल ठीक भन्ने भाष्य तय गर्ने काम ठीक होइन । पुराना शासकहरूको कमी कमजोरी औँल्याउनुपर्छ, उनीहरूलाई खबरदारी गर्नुपर्छ । तर, पुराना दललाई हराउने र नयाँ दललाई अगाडि ल्याउने सिद्धान्त र विचारबिनाका दल र दलका उम्मेदवारहरूलाई काखी च्याप्ने कामलाई सही ठान्नु दृष्टिदोष मात्र हुनेछ । पुराना शासकहरूले नेपालमा विदेशी चलखेल गर्न पाउने बाटो कोरेकै कारण देशमा यो स्थिति आएको हो । हिजो आगजनी गर्ने काम गरियो भने भोलि सशस्त्रसहितका युवाहरू उठे भने देशको हालत के हुन्छ ? देशका जनताको सुरक्षा कसरी हुन्छ ? जनता ढुक्कसँग जीवन बिताउन कसरी सहज हुन्छ ? आर्थिक सङ्कट निम्त्याएर, जनतालाई असुरक्षित बनाएर देशलाई गरिबको गरिब बनाउने कसैको सपनालाई हामीले चकनाचुर गर्नुपर्छ । देशलाई असुरक्षित, अन्योल, सङ्कटपूर्ण र अस्थिर बनाउनु परिवर्तन होइन; त्यो नेपाल र नेपाली जनताको आवश्यकता होइन ।

# नवउदारवाद र नेपालमा यसको प्रभाव

✍ सुनिल प्रजापति

आजको विश्वमा 'नवउपनिवेशवाद' र 'उदारवाद' शब्दको व्यापक चर्चा-परिचर्चा भइरहेको छ । कुनै देशको अर्थतन्त्रलाई नियन्त्रणमा लिई अर्को राज्यलाई आफ्नो प्रभुत्वमा पार्नु नवउपनिवेशवाद हो । सरकार व्यापारी होइन, सबै सार्वजनिक संस्थान, कलकारखाना निजी क्षेत्रको हातमा छोड्नुपर्छ भन्ने नीति पुँजीवादी उदारवाद हो । अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीले नेपालको अर्थतन्त्रमा क्रमश: आफ्नो कब्जा जमाउँदै छन् । हाम्रो देश पाइला-पाइला गरेर नवउपनिवेशमा रूपान्तरित हुँदै छ । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष र बहुराष्ट्रिय कम्पनीहरू साम्राज्यवादीहरूका वित्तीय हातहतियारहरू हुन् । गरीब तथा विकासोन्मुख राष्ट्रहरूलाई ऋण दिनुअघि तिनीहरूले विभिन्न सर्तहरू पालना गर्न बाध्य पार्छन् । रोजगारमूलक उद्योगमा लगानी कटौती, जनतालाई दिने राहतमा कटौती, विदेशी सामान आयातमा भन्सार छुट वा कम, विदेशी लगानी खुला गर्नुपर्ने, सार्वजनिक संस्थानहरू निजीकरण गर्नुपर्नेलगायत सर्तहरू पालना गर्नेलाई मात्रै तिनीहरू ऋण दिन्छन् । बाध्यतावश साना र कमजोर राष्ट्रहरू तिनीहरूको सर्त मान्न पुग्छन् । ऋण लिने देशहरू तिनीहरूको निर्देशनमा चल्नुपर्ने अवस्था आउँछ ।



भृकुटी कागज कारखाना

कुन-कुन कारखाना र संस्थानहरू निजीकरण गर्ने भन्नेसमेत निर्देशन ती बैङ्क, कोष तथा कम्पनीले दिन्छन् । ती कम्पनीहरूको निर्देशन जुन देशले उल्लङ्घन गर्छ, उसलाई सत्ताबाट विस्थापित गर्ने षड्यन्त्र गर्छन् । सत्तामा कसलाई ल्याउने हो वा कसलाई हटाउने हो भन्नेबारे षड्यन्त्रमा तिनीहरूको हात हुन्छ । पूर्वसोभियत सङ्घको पतनपछि बोरिस एल्सिनको निर्वाचनमा उनको पक्षमा अन्तर्राष्ट्रिय कम्पनीहरूले ४० अर्ब रूपैयाँ खर्च गरेको सार्वजनिक भएको थियो ।

देशको मुद्रा अवमूल्यन गराउने, घरेलु सामानको मागमा कटौती गर्ने राम्रोसँग चलेका वा नचलेका कल-कारखाना संस्थाको नाफा जेसुकै भएको होस्, अनिवार्य निजीकरण गर्न बाध्य पार्ने हुँदा विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष आदि बहुराष्ट्रिय कम्पनीहरूको हामीले निरन्तर विरोध जारी राख्नुपर्छ ।


केही वर्षअघि दस वर्षमा अफ्रिकी देशहरूमा स्वास्थ्यमा ५० प्रतिशत र शिक्षामा २५ प्रतिशत सरकारी अनुदान कटौतीको रिपोर्ट सार्वजनिक भयो । यसको कारण पुन: पुँजीवादी उदारवादी अर्थनीतिलाई अवलम्बन गरी विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोषहरूको सर्तहरू पालना गर्नु नै हो । विश्व बैङ्क वा अन्तर्राष्ट्रिय मुद्राकोषबाट ऋण लिँदा गरेका सम्झौताहरू एकैपटक सार्वजनिक गरिँदैनन् । जनताको चर्को विरोध हुने भएकोले तिनीहरू सम्झौतालाई लुकाउँछन् । जनताले थाहा पाउने बेलासम्ममा समय धेरै बितिसकेको हुन्छ ।




हेटौंडा कपडा उद्योग

व्यवस्थापिका-संसदको २०६८ साउन ३० मा बसेको बैठकले लगानी बोर्ड विधेयक-२०६८ पारित गर्‍यो । लगानी बोर्ड विधेयकको मुख्य उद्देश्य नै स्वदेशी वा विदेशी निजी क्षेत्रलाई 'आकर्षित' गर्नु हो ।

विधेयकको प्रस्तावनामै स्वदेशी वा विदेशी निजी क्षेत्रको लगानीलाई परिचालन गरी व्यवस्थितरूपमा औद्योगिकीकरणको प्रक्रियालाई तीव्र बनाउने उल्लेख गरिएको छ । प्रधानमन्त्री स्वयं अध्यक्ष रहने गरी लगानी बोर्ड गठन गर्ने व्यवस्था गरिएको उक्त विधेयकले नेपाल र नेपाली जनतालाई भन्दा साम्राज्यवादी मुलुक, विशेषगरी भारतीय एकाधिकार पुँजीलाई नै फाइदा गर्दछ । आफूलाई कम्युनिस्ट पार्टीको मूलप्रवाह दाबी गर्ने एमाओवादी र एमालेजस्ता दलहरूले उक्त विधेयकलाई समर्थन गर्नु आश्चर्यको विषय हो ।



बाँसबारी छाला जुत्ता कारखाना

नेपालमा २०४६ सालपछि एमाले र नेकाले पालैपालो सरकार चलाए । आर्थिक उदारीकरणको नाउँमा ती सरकारहरूले देशका प्रमुख उद्योगहरू भृकुटी कागज कारखाना, हेटौँडा कपडा उद्योग, बाँसबारी छाला जुत्ता कारखानालगायतलाई भारतीय एकाधिकार पुँजीको हातमा सुम्पे । अहिले निजीकरण गरिएका ती कारखानाहरू राम्रोसँग चल्न सकेका छैनन् भने सरकारी स्वामित्वमा रहेका कारखानाहरू पनि एक-एक गरी डुब्दै छन् । कमिसन, भ्रष्टाचार, आवश्यकताभन्दा बढी कर्मचारीहरू भर्ना नै कारखानाहरू डुब्नुका कारणहरू हुन् । त्यसलाई नियन्त्रण गर्नुभन्दा पनि नेपालका उद्योगहरू सरकारको स्वामित्वमा रहेकै कारण डुबेको भनी प्रचार गर्छन् र एक-एक गरी निजीकरण गरेर आफ्नो स्वार्थसिद्ध गर्छन् ।

त्यो बाटोलाई लगानी बोर्ड ऐनले झन् फराकिलो बनाइदिएको छ । शिक्षा, स्वास्थ्य, जलविद्युत्, खानेपानी, सरसफाइजस्ता क्षेत्रमा अब विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरू लगानी गर्न आउनेछन् । उनीहरूसँग नेपालका निजी क्षेत्रले प्रतिस्पर्धा गर्न सम्भव हुँदैन । नेपालको महत्त्वपूर्ण आर्थिक क्षेत्रमा अब साम्राज्यवादीहरूको प्रभुत्व कायम हुनेछ । नेपालीहरू नेपालमै शरणार्थीको जीवन बिताउन बाध्य हुनेछन् ।

लगानी बोर्ड ऐनले निम्नलिखित विषयमा स्वदेशी वा विदेशी निजी लगानीको लागि बाटो खुला गरेको छ:

१. नेपाल सरकारले तोकेका द्रुतगति सडक (फास्ट ट्र्याक रोड), सुरुङ मार्ग, रेल मार्ग, रोपेवे, ट्रलिबस आदि ।
२. अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका विमानस्थल निर्माणमा हुने लगानी तथा सञ्चालनमा रहेका विमानस्थलको आधुनिकीकरण एवं व्यवस्थापनमा हुने लगानी ।
३. सहरी क्षेत्रमा खानेपानी उत्पादन वितरण वा प्रशोधन प्लान्ट तथा फोहरमैला व्यवस्थापन तथा प्रशोधन प्लान्टमा हुने लगानी ।
४. रसायनिक मल कारखानामा हुने लगानी ।
५. पेट्रोलियम पदार्थ प्रशोधनमा हुने लगानी ।
६. नेपाल सरकारले तोकेका ठुला पुलमा हुने लगानी ।
७. ५१ प्रतिशतभन्दा बढी विदेशी लगानीमा स्थापना गरिने बैङ्क तथा वित्तीय संस्थामा हुने लगानी वा बीमा वा पुन: निर्माण कम्पनीको स्थापना र सञ्चालनमा हुने लगानी ।
८. मेडिकल कलेज तथा तीन सय शय्याभन्दा माथिका अत्याधुनिक सुविधायुक्त नर्सिङ होममा हुने लगानी आदि ।

फोहोरमैला व्यवस्थापनको जिम्मेवारी विदेशी निजी क्षेत्रलाई दिने विधेयक पनि संसदको बहुमतले पारित गर्‍यो । नेमकिपाले फोहरमैला व्यवस्थापनको जिम्मेवारी स्थानीय निकायलाई नै दिनुपर्नेमा जोड दियो । तर, हाम्रो अडानबाट तिनीहरू तर्से । हाम्रो क्षेत्र सफा गर्न अब विदेशी निजी कम्पनीहरू आउन सक्ने भएका छन् ।

विदेशीहरूलाई असीमित जग्गा खरिद गर्न पाउने, घरजग्गा कारोबारसम्बन्धी विधेयक, गैरसरकारी सङ्गठन र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनका प्रतिनिधिहरूलाई सञ्चालक समितिमा राख्ने ग्रामीण खानेपानीसम्बन्धी विधेयक र शतप्रतिशत विदेशी लगानीमा बैङ्क तथा वित्तीय संस्था खोल्न पाउने प्रस्तावसहित संसद्मा प्रस्तुत बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयकहरूको नेमकिपाले सशक्तरूपमा विरोध गर्दै आएको छ । नेमकिपाको विरोधकै कारण ती विधेयकहरूबारे धेरै पटक छलफल भइसकेर पनि पुँजीवादी पार्टीहरूले पारित गर्न सकेका थिएनन् ।

नेपाल क्रमश: नवउपनिवेश बन्दै छ । यी सबैको कारण भारतको नयाँ दिल्लीमा भएको १२ बुँदे सम्झौता नै हो । हामीले त्यतिबेलादेखि नै देशको अहितका विषयहरूको विरोध गर्दै आएका छौँ ।

*स्रोत : शिक्षा र नवउदारवाद*

# गम्भीर प्रश्नहरू पन्छाउने नेपाली सेनाको राजनीतिक वक्तव्यबाजी

दिनेश पन्त

लोकतान्त्रिक गणतन्त्रको सेनाले 'को सच्चा नेपाली हो, को होइन' भन्ने खालको राजनीतिक वक्तव्यबाजी गर्न मिल्दैन । लोकतन्त्रमा नागरिकता संविधानले परिभाषित गर्छ, सेनाको भावनात्मक व्याख्याले होइन ।

नेपालका युवा- विशेषत: जेन-जी पुस्ता- देशको मौजुदा बेरोजगारी, भ्रष्टाचार, नातावाद/कृपावाद र राजनीतिक अस्थिरताले वाक्कदिक्क भएका छन् । यसकारण जनतालाई प्रतिनिधित्व गर्नुपर्ने राजनीतिक सङ्गठन पतित हुनु थियो, तिनको उद्देश्य सत्ता प्राप्ति र त्यसबाट अकूत लाभ लिनेमै सीमित भयो । आफूलाई वैकल्पिक भन्न रुचाउनेहरूले पनि जनताको दिग्दारी र असन्तुष्टिलाई ठाउँ दिन सकेनन् । परिणाम- असङ्गठित अवस्थामै युवा तत्कालीन सरकारविरुद्ध भदौ २३ मा सडकमा उत्रिए । तर, जेन-जी विद्रोह सुरक्षा चुकका कारण नियन्त्रणबाहिर गयो र राज्यको तीव्र दमन भयो, जहाँ २१ जना विद्यार्थी मारिए र कैयौँ घाइते भए । भोलिपल्ट भदौ २४ मा अस्वाभाविक ढङ्गले जनधनको क्षति र विध्वंस भयो । सोही दिन जेन-जी विद्रोहीले आफू यसमा सहभागी नहुने जनाइसकेका थिए । २४ गतेको क्षतिमा गणतन्त्रका संस्थाहरूको भौतिक संरचना ध्वस्त बनाइनु र सोही विषम परिस्थितिमा नेपाली सेनाको निष्क्रियता, पछि सक्रियता र संसद् विघटनको अवस्थाको सन्दर्भमा मैले हिमालखबरका लागि राजनीतिशास्त्री एवं सार्वजनिक बौद्धिक भास्कर गौतमसँग अन्तर्वार्ता गरेको थिएँ । सोही अन्तर्वार्तालाई लिएर नेपाली सेनाले हिमालखबरलाई औपचारिक पत्र लेख्दै खण्डन गऱ्यो र त्यसको पर्सिपल्ट 'भदौ २३-२४ गते पश्चात्को परिस्थिति : नेपाली सेनाको भूमिका' शीर्षकमा एक राजनीतिक वक्तव्यबाजी जारी गऱ्यो, जसलाई राजधानीका धेरैजसो प्रमुख मीडियाले प्रकाशित गरे । सेनाले दिएको स्पष्टीकरण र त्यसपछि प्रकाशित लेखले आलोचनाको मूल प्रश्नलाई सम्बोधन गर्न सकेका छैनन् । बरु, ती स्पष्टीकरणहरूले सेनाको वैचारिक स्पष्टता, संवैधानिक अडान र राजनीतिक तटस्थतामाथि थप प्रश्न खडा गरेका छन् ।

सेनाको दुवै स्पष्टीकरणको केन्द्रीय तर्क एउटै छ, नागरिक सर्वोच्चता र कार्यपालिकाको आदेशबिना सेना परिचालन गर्न मिल्दैन । यो संवैधानिक सत्य हो । तर प्रश्न यति मात्र होइन । प्रश्न यो हो कि कार्यपालिकाको आदेश नआएसम्म सेनाले के-के गऱ्यो, के-के गरेन ? किन केही स्थानमा ऊ सक्रिय देखियो र केहीमा निष्क्रिय ? यसको चित्तबुझ्दो उत्तर देखिंदैन । उच्च तहका नेता र विशिष्ट व्यक्तिहरूको उद्धारमा सेना सक्रिय भएको विषय कसैबाट लुकेको कुरो होइन । अन्तर्वार्तामा भास्कर गौतमले उठाएको मननीय प्रश्न छ, उद्धारका लागि विशेष निर्णय चाहिंदैन भने सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन जस्ता राज्यका मेरुदण्ड संस्थाहरूको सुरक्षा किन त्यही स्तरमा भएन ? सेनाबाट यस प्रश्नको उत्तर आएन । सेनाले उठाएको 'भौतिक पूर्वाधार महत्त्वपूर्ण भए पनि जीवनभन्दा माथि कदापि हुँदैन ।' भन्ने तर्कले गौतमले औंल्याएझैं सेनाको तयारी, तालीम र भूमिकामाथि गम्भीर प्रश्न उठ्छ । दङ्गा नियन्त्रणका क्रममा मानवीय क्षति नहोस् भन्ने तालीम सेनासँग छैन भने सेनाको आन्तरिक भूमिका केका लागि ? त्यसैगरी जीवन रक्षाको तर्क गरिरहँदा भोलि सेनामाथि नै आक्रमण हुँदा उसले कुन तर्क प्रयोग गर्छ भन्ने प्रश्न सान्दर्भिक नै रहिरहन्छ । सेनाले आफूले स्थापित गरेको खतरनाक नजीरमा ऊ बोल्न सकेको छैन ।

सेनाको लेखमा 'संवाद सहजीकरण' लाई जिम्मेवार भूमिकाका रूपमा प्रस्तुत गरिएको छ । तर यहाँ मूल प्रश्नलाई फेरि टारिएको छ । संविधान अनुसार राजनीतिक संवाद आह्वान गर्ने अधिकार राष्ट्रप्रमुख वा कार्यपालिकासँग हुन्छ । सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल हुँदाहुँदै सेना किन अघि सऱ्यो ? जेन-जी आन्दोलनमा प्रत्यक्ष रूपमा सहभागी नै नभएका, बरु खुलेआम राजावादी र गणतन्त्रविरोधी धारणा राख्दै आएका दुर्गा प्रसाईंलाई सेनाले 'स्टेक होल्डर' को रूपमा किन व्यवहार गऱ्यो भन्ने प्रश्नको उत्तर सेनाले आजसम्म दिन सकेको छैन । सेनापति स्वयं औपचारिक आभूषण पहिरेर जङ्गी अड्डामा दुर्गा प्रसाईंसँग गजक्क परेर फोटो खिचिएको दृश्य सार्वजनिक भएकै हो । लोकतान्त्रिक गणतन्त्रमा सेनाको सर्वोच्च नेतृत्वले कुन व्यक्तिसँग, कुन हैसियतमा र कुन सन्देश सहित सार्वजनिक निकटता देखाउँछ भन्ने कुरा सामान्य हुँदैन । आन्दोलनको प्रतिनिधित्व नगर्ने, आन्दोलनको एजेन्डा नबोक्ने र संविधानको आत्मासँग नै असहमत व्यक्तिलाई सेनाले संवादको घेरामा राख्नु संवैधानिक मर्यादाबाट च्युत भएको स्पष्ट सङ्केत हो । राजनीति गर्नु भनेको चुनाव लड्नु मात्र होइन, कुन एजेन्डालाई वैध ठान्ने, कुन आवाजलाई महत्त्व दिने र कुन विचारधारालाई 'राष्ट्रिय' भनेर उचाल्ने भन्ने निर्णय आफैंमा गहिरो राजनीतिक क्रिया हो । यसले सेनाले राजनीतिक भूमिका खेलेको वा सत्ताकै लालसा देखाउन खोजेको प्रस्ट हुन्छ ।

विशेषत: सङ्कटको क्षणमा सेना प्रमुखको सन्देशमा राष्ट्रपतिको तस्वीर हुनुपर्नेमा पृथ्वीनारायण शाहको तस्वीर प्रयोग गर्नु र त्यसलाई 'राष्ट्रिय एकताको प्रतीक' भनेर औचित्य पुष्टि गर्न खोज्नु लोकतान्त्रिक गणतन्त्रको आत्मासँग मेल खाँदैन किनकि कुनै एक राज्यको भौगोलिक विस्तारलाई आधुनिक राष्ट्र-राज्यको लोकतान्त्रिक एकतासँग समानार्थी ठान्न मिल्दैन । पृथ्वीनारायण शाह ऐतिहासिक पात्र हुन्, यो अस्वीकार गर्न सकिंदैन । तर ऐतिहासिक पात्र हुनु र आधुनिक लोकतान्त्रिक राज्यको 'राष्ट्रिय एकताको प्रतीक' हुनु फरक कुरा हुन् । नेपालको वर्तमान संविधानले पृथ्वीनारायण शाहलाई राष्ट्रनिर्माता वा राष्ट्रिय एकताको प्रतीकका रूपमा कहीं पनि परिभाषित गरेको छैन । बरु संविधानको प्रस्तावनादेखि नै सार्वभौमसत्ता जनतामा निहित रहेको, जनआन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । यो संविधान व्यक्तिमा होइन, जनतामा आधारित छ । त्यसैले राज्यको एकता कुनै वंश, कुनै राजा वा कुनै ऐतिहासिक विजयसँग होइन, जनताको सहमति, सहभागिता र सामाजिक करारसँग जोडिएको हुन्छ ।

लोकतान्त्रिक राज्यको अर्थ नै यही हो कि जनता आफ्नो स्वतन्त्रता, सुरक्षा र समृद्धिका लागि स्वेच्छाले आफूलाई राज्यको परिधिभित्र नियम र कानुनमा बाँधिन्छन् । जनता कर तिर्छन्, मतदान गर्छन्, कानुन मान्छन् र बदलामा राज्यबाट शान्ति, सुरक्षा, न्याय, सम्मानजनक पहिचान र अवसरको अपेक्षा गर्छन् । यही कर र मतबाट राज्य निर्माण हुन्छ । त्यसैले आधुनिक राज्य कुनै व्यक्तिको विस्तार नभई नागरिकको कर र मतको संयोजन हो । यही विन्दुमा नेपाली सेनाको पछिल्लो सार्वजनिक वक्तव्य र व्यवहार समस्याग्रस्त देखिन्छ । लोकतान्त्रिक गणतन्त्रको सेनाले 'पृथ्वीनारायण शाह आधुनिक नेपालको निर्माता र राष्ट्रिय एकताको प्रतीक हुन् भन्नेमा कोही पनि सच्चा नेपाली जनताको दुई मत नहोला' भनी लेखेको छ । सेनाले को सच्चा नेपाली हो, को होइन भन्ने खालको राजनीतिक वक्तव्यबाजी गर्नु कुनै हालतमा शोभनीय हुँदैन । सेनाले जनताको असलीपन परीक्षा लिने अधिकार राख्दैन । लोकतन्त्रमा नागरिकता संविधानले परिभाषित गर्छ, सेनाको भावनात्मक व्याख्याले होइन । सेना राष्ट्रको सेवक हो, राष्ट्रको नैतिक निर्णायक होइन ।

लेखमा "नेपाली सेनाले कहिल्यै सत्ता हस्तक्षेप गरेको छैन" भन्ने दाबी गरिएको छ । लोकतन्त्रमा संस्थाहरूको मूल्याङ्कन भूतकालको श्रेयले नभई वर्तमानको व्यवहारले गरिन्छ । भदौ २३-२४ पछिका सेनाको असामान्य सक्रियता, वक्तव्य र मौनता हेर्दा लोकतान्त्रिक विश्वास बलियो बनाउनेभन्दा पनि कमजोर बनाउने खालका देखिए । सेना राहत-उद्धारमा खटिएको विषय उल्लेख गरिएको छ । त्यो कार्य सराहनीय हो र त्यसमा टिप्पणी भएकै छैन । उत्तरका रूपमा राहत-उद्धार आउनुले विषयान्तरको नियत देखाउँछ ।

भदौ २७ मा सरकार बनिसकेपछि पनि सेनाले सक्रिय भएर राजनीतिक प्रक्रियामा आफ्नो प्रभाव विस्तार गर्ने प्रयास गरेको देखिन्छ । उदाहरणको रूपमा २०८२ असोज २५ गते जेन-जी युवासँग सरकारले गरेको वार्तालाई लिन सकिन्छ । प्रधानमन्त्री सुशीला कार्कीसहित अधिकांश मन्त्रीहरू सहभागी सो बैठकमा नेपाली सेनाको एक प्रतिनिधि बैठक अवधिभर बसेर संवादको दस्तावेजीकरण गरेको जानकारी बैठकमा सहभागी एक जेन-जी प्रतिनिधिले दिएका छन् । सो बैठकमा सेनाको पदाधिकारी उपस्थित रहेको पुष्टि गर्ने तस्वीर राससले समेत खिचेको छ । यो कुनै सामान्य प्रशासनिक बैठक थिएन, बरु सरकार र विद्रोही युवाबिचको राजनीतिक संवाद थियो । त्यस्तो संवादमा सेनाको उपस्थिति आफैंमा गम्भीर प्रश्न हो । सो बैठकमा केही प्रतिनिधिले संविधानकै विषयमा प्रश्न उठाउँदा प्रधानमन्त्रीले त्यसमा स्पष्ट जवाफ नदिएको तथ्य पनि सेतोपाटीको समाचारमार्फत सार्वजनिक भइसकेको छ । प्रधानमन्त्रीले "यही संविधान मानेर जाने हो कि होइन" भन्ने प्रश्नमा स्पष्ट संवैधानिक अडान नलिनु र त्यही बैठकमा सेनाको प्रतिनिधि उपस्थित हुनु संयोग मात्र होइन भनेर प्रश्न उठ्नु स्वाभाविक हो । यसले संविधानको सर्वोच्चताबारे दृढतापूर्वक नबोल्न सरकारमाथि दबाब परेको सङ्केत गर्छ र त्यस दबाबको छाया सेनाको उपस्थितिसँग जोडिएर देखिनु लोकतान्त्रिक दृष्टिले चिन्ताजनक छ ।

यसैबिच, नेपाली सेनाले राजनीति गरिरहेको छ भन्ने शङ्कालाई थप बल पुग्ने अर्को घटनाक्रम पनि देखिएको छ । सेनामा बलियो पकड रहेको भनिएका पूर्वरथी बालानन्द शर्मा कामकाजी चुनावी सरकारमा निर्वाचन हुन दुई महिनामात्र बाँकी रहँदा परराष्ट्र मन्त्रीको जिम्मेवारीमा आउनु सामान्य प्रशासनिक निर्णयजस्तो देखिंदैन । संवैधानिक रूपमा यो नियुक्ति सम्भव भए पनि राजनीतिक नैतिकता र लोकतान्त्रिक संवेदनशीलताको दृष्टिले यस निर्णयले सेनाको प्रत्यक्ष वा अप्रत्यक्ष राजनीतिक प्रभावबारे प्रश्न उठाउँछ । लोकतन्त्रमा सेना र राजनीतिबिच स्पष्ट र कठोर दूरी आवश्यक हुन्छ । सेनाका अवकाशप्राप्त उच्च अधिकारीहरू राजनीतिक जिम्मेवारीमा आउनु कानुनी रूपमा गलत नहुन सक्छ । तर, संवेदनशील संक्रमणकालीन समयमा, विशेषत: चुनाव नजिकिँदै गर्दा, यस्तो निर्णयले सेनाको राजनीतिक तटस्थतामाथि जनताले शङ्का गर्नु अस्वाभाविक होइन ।

यही सन्दर्भमा, अनिवार्य रूपमा उठ्ने प्रश्न हो- नेपाली सेनाको लोकतान्त्रीकरण । लोकतान्त्रीकरण भन्नाले सेनालाई कमजोर बनाउनु होइन, बरु सेनालाई अझ बलियो, विश्वसनीय र संविधानप्रति निष्ठावान् बनाउनु हो । लोकतान्त्रीकरणको अर्थ सेनालाई राजनीतिक खेलाडी बनाउनु नभई सेनालाई राजनीतिबाट स्पष्ट रूपमा अलग राख्दै जनता र सार्वभौमसत्ताको संरक्षक बनाउनु हो ।

लोकतान्त्रिक सेनाको पहिलो आधार संवैधानिक स्पष्टता हो । नेपाली सेनाले अब स्पष्ट रूपमा स्वीकार्नुपर्ने मोडमा पुगेको छ- राज्य कुनै राजा, ऐतिहासिक व्यक्तित्व वा कुनै अमूर्त 'राष्ट्रवाद' होइन; राज्य भनेको संविधान हो र संविधान भनेको जनताको सामूहिक इच्छा हो । यही स्वीकारोक्तिबिना सेनाले आफूलाई गणतन्त्र अनुकूल संस्था सावित गर्न सक्दैन । भावनात्मक राष्ट्रवाद, व्यक्तिपूजा र इतिहासको चयनात्मक व्याख्याले आधुनिक लोकतान्त्रिक सेनाको वैचारिक जग बस्दैन ।

दोस्रो आधार जवाफदेहिता हो । लोकतान्त्रिक सेनाले आफ्ना निर्णय, भूमिका र सार्वजनिक व्यवहारबारे प्रश्न उठ्दा 'राष्ट्रिय सुरक्षा'को आवरणभित्र लुक्नु हुँदैन । संसद्, नागरिक समाज र सञ्चार माध्यममार्फत उठेका प्रश्नहरूलाई संस्थागत रूपमा सम्बोधन गर्ने संस्कार विकास गर्नुपर्छ । भदौ २३-२४ गतेका जस्ता गम्भीर घटनामा स्पष्ट आत्मालोचना र उत्तरदायित्व स्वीकार गर्न नसक्नु नै लोकतान्त्रीकरणको अभावको सङ्केत हो ।

तेस्रो आधार राजनीतिक तटस्थता हो । सेनाको पदाधिकारी राजनीतिक संवाद, आन्दोलन, वार्ता र सत्ता सन्तुलनका प्रक्रियाबाट पूर्ण रूपमा अलग रहनुपर्छ । सरकार-विद्रोही संवादमा सेनाको उपस्थितिले असंवैधानिक दबाबको आभास दिन्छ । त्यस्तै, संवेदनशील समयमा पूर्वसैनिक नेतृत्वलाई राजनीतिक शक्तिको केन्द्रमा ल्याउने अभ्यासले सेनाको संस्थागत तटस्थतामाथि शङ्का जन्माउँछ । लोकतान्त्रीकरणको अर्थ यस्ता अभ्यासहरूमा स्पष्ट 'रेड लाइन' कोरेर सेनालाई त्यसभन्दा बाहिर राख्नु हो ।

चौथो आधार गणतान्त्रिक मूल्यमा आधारित नेतृत्व विकास हो । सेनाको उच्च नेतृत्वमा पुग्ने अधिकारीहरू केवल सैन्य दक्षताका आधारमा मात्र होइन, संवैधानिक चेतना, लोकतान्त्रिक मूल्यबोध र नागरिक-सैनिक सम्बन्धको समझका आधारमा पनि मूल्याङ्कन हुनुपर्छ । सेनाको तालीम, पाठ्यक्रम र संस्थागत संस्कारमा गणतन्त्र, नागरिक सर्वोच्चता र मानव अधिकारलाई केन्द्रमा राख्नुपर्छ । अन्यथा, गणतन्त्र संरचनामा सामन्ती चेतना रहिरहन्छ ।

नेपाली सेनाको लोकतान्त्रीकरण कुनै वैकल्पिक बहस होइन, गणतन्त्रको अस्तित्वसँग जोडिएको अनिवार्य प्रक्रिया हो । सेनाले आफूलाई सुधार नगरेसम्म गणतन्त्र असुरक्षित रहन्छ र गणतन्त्र कमजोर हुँदा सेनाको औचित्य पनि प्रश्नको घेरामा पर्छ । त्यसैले सेनाको लोकतान्त्रीकरण सेनाविरोधी एजेन्डा होइन, सेनालाई नै दीर्घकालीन रूपमा सुरक्षित गर्ने मार्ग हो । नेपाली सेनाले इतिहासबाट गौरव खोज्नुभन्दा संविधानबाट वैधता खोज्नुपर्छ । व्यक्तिबाट राष्ट्र होइन, नागरिकबाट राज्य निर्माण हुन्छ भन्ने सत्यलाई संस्थागत रूपमा आत्मसात् गर्नुपर्छ । यही बाटो रोजेमा मात्र नेपाली सेना लोकतान्त्रिक गणतन्त्रको साँचो रक्षक बन्न सक्छ, न कि त्यसको मौन दर्शक वा असहज शक्ति ।

*(पन्त उप्सला विश्वविद्यालय स्विडेनमा सांस्कृतिक मानवशास्त्र अध्ययन गरिरहेका छन् ।)*

***हिमाल खबर पत्रिकाबाट***

# मादुरोको विरोध गर्न स्पेनलाई संरा अमेरिकाको दबाब

भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोविरूद्ध लाग्न र विपक्षी सांसद ह्वान ग्वाइडोलाई भेनेजुयलाको 'अन्तरिम राष्ट्रपति' को मान्यता दिन संरा अमेरिकाले स्पेन सरकारलाई दबाब दिएको खुलासा भएको छ । स्पेनको अखबार इल पायसले प्रकाशित गरेको समाचारमा पेड्रो सान्चेज नेतृत्वको स्पेन सरकारलाई भेनेजुयलामा सत्तापक्ष र विपक्षबिच कुनै पनि वार्ताको लागि पहल नगर्न र सहभागी पनि नबन्न दबाब दिएको उल्लेख छ ।

"हामीलाई दबाब थियो । कोबाट दबाब आएको थियो, भन्न मिल्दैन । तर, तपाईंहरूलाई थाहा छ । भेनेजुयलासँग संवाद गर्न कुनै पनि समूह नबनाउन हामीलाई दबाब आएको थियो ।" स्पेनका विदेशमन्त्रीले इल पायससँगको कुराकानीमा भनेका थिए ।

ह्वान ग्वाइडोले जनवरी २३ मा आफूलाई भेनेजुयलाको 'अन्तरिम राष्ट्रपति' घोषणा गर्नुअघि संरा अमेरिकाका कूटनीतिक प्रतिनिधि र उच्चपदस्थ सरकारी अधिकारीहरूले स्पेन सरकारलगायत युरोपेली सङ्घका अन्य देशहरूका अधिकारीहरूलाई ल्याटिन अमेरिकाको सन्दर्भमा संरा अमेरिका र उसका दक्षिणपन्थी सहयोगीकै बाटो पछ्याउन दबाब दिने गरेका थिए ।

जनवरी २३ को घटनाबारे उल्लेख नगरी जनवरी २२ मा वाशिङ्टनले स्पेनलाई भेनेजुयलामा आफूले लिने निर्णयको समर्थन गर्न बैठक आयोजना गरेको थियो । त्यो बैठकमा ग्वाइडोले भोलि आफूले आफैँलाई 'अन्तरिम राष्ट्रपति' घोषणा गर्ने र त्यसको लगत्तै वाशिङ्टनले समर्थन जनाउने योजना भने बताइएको थिएन । त्यतिबेला स्पेनी र पोर्चुगाली भाषा बोलिने अमेरिकी क्षेत्रमा सहकार्यका लागि

मेनेजुयला: हिजो र आजसचिव जुआन पाब्लो डी ल्यागेसिया वाशिङ्टनमा थिए । उनले संरा अमेरिकी पश्चिमी गोलार्द्धका सहायक सचिव किम्बरले बेरियरसँग भेटेका थिए । भेटमा संरा अमेरिकी अधिकारीहरूले स्पेनी सचिवलाई भेनेजुयलामा निकट भविष्यमा केही 'महत्त्वपूर्ण घटना' हुने सङ्केत गरेका थिए ।

त्यसको भोलिपल्ट ग्वाइडोको असंवैधानिक घोषणाको केही घण्टाअघि म्याडरिडस्थित संरा अमेरिकी दूतावासले स्पेन सरकारलाई फोन गरेर भनेको थियो, "ग्वाइडोले आजै आफूलाई राष्ट्रपति घोषणा गर्दै छन् । हामी उनलाई मान्यता दिदैछौँ ।"

जनवरी २४ मा स्पेनका विदेशमन्त्रीलाई संरा अमेरिकी राजदूत ड्युक बुचान तृतीयले भेटेका थिए । भेटमा अमेरिकी राजदूतले युरोपेली सङ्घका अन्य देशको अभिमतसमेत स्पेन र पोर्चुगलले जे निर्णय गर्छ, त्यसैमा भर पर्ने भएकाले ग्वाइडोको पक्षमा आफ्नो मत राख्न आग्रह गरेका थिए ।

इल पायसको समाचारअनुसार ग्वाइडोलाई तत्काल वैधानिक राष्ट्रपतिको मान्यता दिन र मादुरोसँग संवादका सबै ढोका बन्द गर्न "संरा अमेरिकी राजदूतले दबाब दिएका थिए ।

जनवरी २३ को दिन भेनेजुयलाको संविधानको उल्लङ्घन गर्दै ग्वाइडोले आफूलाई 'अन्तरिम राष्ट्रपति' घोषणा गरेपछि तत्कालै संरा अमेरिकाले मान्यता प्रदान गर्‍यो । दक्षिण अमेरिकी क्षेत्रमा दक्षिणपन्थी वाशिङ्टनका सहयोगीहरूले पनि मादुरो नेतृत्वको जननिर्वाचित सरकारविरूद्ध संसदीय सत्ताविप्लवको लागि आह्वान गरे ।

त्यसपछि संरा अमेरिकाले काराकसविरूद्ध नयाँ नाकाबन्दी घोषणा गर्‍यो । भेनेजुयलाको तेल कम्पनीमाथि आर्थिक नाकाबन्दी थोपो छ । संरा अमेरिकाका धेरै वरिष्ठ सरकारी अधिकारीहरूले ग्वाइडोको पक्षमा भेनेजुयलामा सैनिक हस्तक्षेप गर्नुपर्ने विचार राख्ने गरेका छन् । तथापि स्पेनको सरकार भने संवैधानिक सरकारलाई नै मान्यता दिएर सत्ताविप्लवको विपक्षमा उभिएको छ ।

संरा अमेरिकी दबाबमा परी स्पेनलगायत युरोपेली सङ्घका अन्य प्रमुख देशले भेनेजुयलाको विषयमा स्वतन्त्र धारणा राख्न सकेनन् । ट्रम्प प्रशासनकै दबाबमा उनीहरूले ग्वाइडोलाई केही दिनमै मान्यता दिए । तर, उनीहरूले तत्कालै निर्वाचन गरी शान्तिपूर्वक समस्या समाधान खोज्नुपर्ने धारणा राखे ।

***'भेनेजुयला : हिजो र आज' बाट***



पाकिस्तानको औद्योगिक सहर कराँचिमा शरिफ सरकारको राज्य सञ्चालित उद्योगहरू पाँच वर्षका लागि निजीकरणमा पठाउने योजनाको विरोधमा प्रदर्शन गर्दै पाकिस्तानी औद्योगिक मजदुरहरू जनवरी २, २०२६ का दिन । सरकारले देशका २४ वटा विभिन्न क्षेत्रका उद्योगलाई तीन चरणमा निजीकरणमा पठाउने निर्णय गरेको थियो ।

*तस्बिर : एएफपी/रिजवान तबसुम*

# मादुरो वार्ताका लागि खुला, सीआईए मौन हमलामा

काराकास, २ जनवरी (एपी) । भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोले संयुक्त राज्य अमेरिकासँग लागुऔषध तस्करीविरुद्ध सहकार्य गर्न आफ्नो देश खुला रहेको स्पष्ट पार्नुभएको छ । तर, गत साता भेनेजुयलाको एक डक क्षेत्रमा भएको कथित सीआईए नेतृत्वको ड्रोन हमलाबारे भने उहाँले तत्काल टिप्पणी गर्न अस्वीकार गर्नुभएको छ । बिहीबार राज्य टेलिभिजनमा प्रसारित नयाँ वर्षको पूर्वसन्ध्यामा रेकर्ड गरिएको अन्तर्वार्तामा मादुरोले यी धारणा सार्वजनिक गर्नुभएको हो ।

स्पेनी पत्रकार इग्नासियो रामोनेटसँगको अन्तर्वार्तामा राष्ट्रपति मादुरोले अमेरिकाले भेनेजुयलामा सरकार परिवर्तन गराउने उद्देश्य राखेको र त्यसका लागि महिनौंदेखि दबाब अभियान सञ्चालन गरिरहेको आरोप लगाउनुभयो । उहाँका अनुसार अगस्टदेखि क्यारिबियन सागरमा गरिएको ठुलो सैन्य तैनाथी त्यसैको हिस्सा हो, जसको अन्तिम लक्ष्य भेनेजुयलाको विशाल तेल भण्डारमा पहुँच प्राप्त गर्नु हो ।

उहाँले भन्नुभयो, "उनीहरूले के खोजिरहेका छन् भन्ने कुरा स्पष्ट छ । धम्की, दबाब र बल प्रयोग गरेर आफूलाई थोपर्ने प्रयास भइरहेको छ ।" उहाँले अब दुवै देशले भावनामा होइन, तथ्य र तथ्याङ्कका आधारमा गम्भीररूपमा वार्ता गर्नुपर्ने समय आएको बताउनुभयो ।

राष्ट्रपति मादुरोका अनुसार यदि अमेरिकी सरकार साँच्चिकै लागुऔषध तस्करीसँग लड्न चाहन्छ भने भेनेजुयला सहकार्यका लागि पूर्ण रूपमा तयार छ । उहाँले भन्नुभयो, "अमेरिकी सरकारलाई यो कुरा थाहा छ । यदि उनीहरू इमानदारीपूर्वक सम्झौता गर्न चाहन्छन् भने हामी तयार छौं ।"

साथै, अमेरिकालाई तेल आवश्यक परेमा भेनेजुयला अमेरिकी लगानीका लागि पनि खुला रहेको उहाँले स्पष्ट पार्नुभयो । "शेभरनजस्ता कम्पनीहरू जब, जहाँ र जसरी चाहन्छन्, लगानी गर्न सक्ने वातावरण हामी दिन सक्छौं," उहाँको भनाइ थियो ।

हाल शेभरन कर्पोरेसन भेनेजुयलाबाट कच्चा तेल अमेरिका निर्यात गर्ने एकमात्र प्रमुख कम्पनी हो । भेनेजुयलासँग विश्वकै सबैभन्दा ठुलो प्रमाणित तेल भण्डार रहेको छ ।

यो अन्तर्वार्ता टेप गरिएको दिन नै अमेरिकी सेनाले पाँचवटा कथित लागुऔषध तस्कर डुङ्गामाथि आक्रमण गरेको घोषणा गरेको थियो । ट्रम्प प्रशासनका अनुसार यस्ता आक्रमणको कुल सङ्ख्या ३५ पुगेको छ र कम्तीमा ११५ जनाको मृत्यु भइसकेको छ, जसमा भेनेजुयलाका नागरिक पनि परेका छन् ।

भेनेजुयलाको भूमिमा गरिएको उक्त अपरेसनबारे सोधिएको प्रश्नमा राष्ट्रपति मादुरोले 'केही दिनमा यसबारे बोल्न सक्ने' मात्र प्रतिक्रिया दिनुभएको छ । उहाँको यो मौनताले आगामी दिनमा भेनेजुयला-अमेरिका सम्बन्ध कुन दिशातर्फ जान्छ भन्ने चासो थप बढाएको छ ।

# गाजामा विस्थापित शिविरमा आगलागी हुँदा दुई जनाको मृत्यु, पाँच घाइते

गाजा, २ जनवरी (क्यूएनए) । गाजा सहरमा विस्थापित मानिसहरूले बसोबास गर्दै आएको शिविरमा आगलागी हुँदा एक प्यालेस्टिनी व्यक्तिको मृत्यु भएको र अन्य पाँच जना घाइते भएको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन् ।

अर्को छुट्टै घटनामा, मध्य गाजा पट्टीको नुसिरात शरणार्थी शिविरमा अर्को आगलागी हुँदा एक जना युवतीको मृत्यु भएको जनाइएको छ ।

प्यालेस्टिनी समाचार एजेन्सीका अनुसार गाजा सहरको यर्मोक स्टेडियममा रहेको विस्थापितहरूको शिविरभित्र पहिलो आगलागी हुँदा एकजनाको मृत्यु भएको थियो भने अन्य पाँचजना जलेका थिए । घाइतेहरूलाई उपचारका लागि अस्पताल लगिएको जनाइएको छ ।

दोस्रो घटनामा नुसिरात शिविरमा बस्दै आएका बालक संलग्न रहेको वफा समाचार उल्लेख गर्दै एजेन्सीले विद्यमान मौसमको कारण आगलागी भएको बताइएको छ ।

प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सी, युएनआरडब्लुएले यस हप्ताको सुरुमा गाजामा करिब दुई लाख ३५ हजार मानिसहरू डिसेम्बर १० र १७ को बिचमा गम्भीर मौसमको अवस्थाबाट प्रभावित भएको बताएको छ । बायरन नामले चिनिने आँधीले आवाशिय भवन ढल्नुका साथै विस्थातिहरूको आश्रयहरूलाई क्षति पुगेपछि उनीहरू विस्थापीत भएको बताइएको छ ।

प्यालेस्टिनी स्रोतका अनुसार डिसेम्बरमा जाडो मौसम सुरु भएदेखि, मौसमसम्बन्धी घटनामा चार बालबालिकासहित कम्तीमा १८ जना प्यालेस्टिनीको मृत्यु भएको छ । स्रोतले लगभग ९० प्रतिशत विस्थापितहरूका शिविरहरू बाढीबाट प्रभावित भएका कारण द्वन्द्वको समयमा घरहरू ध्वस्त भएका परिवारहरूलाई असर गरेको जनाएको छ ।

# सन् २०२५ मा श्रीलङ्कामा सडक दुर्घटनाबाट मृत्यु हुनेको सङ्ख्या उच्च

कोलम्बो, २ जनवरी (सिन्ह्वा) । सन् २०२५ मा श्रीलङ्कामा कुल दुई हजार ५६२ जनाको घातक सडक दुर्घटना परी मृत्यु भएको एक वरिष्ठ प्रहरी अधिकारीले शुक्रबार बताउनुभएको छ । प्रहरीका अनुसार सन् २०२४ मा सडक दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या दुई हजार २८७ को तुलनामा हाल सङ्ख्या बढेको हो ।

प्रहरी प्रवक्ता एफ. यु. वुटलरका अनुसार सन् २०२५ मा भएका सडक दुर्घटनाहरूमा दुई हजार ७१० जनाको मृत्यु भएको थियो, जुन अघिल्लो वर्षको तुलनामा ३२२ बढी हो । श्रीलङ्कामा हुने करिब ८५ प्रतिशत सडक दुर्घटना मनोवैज्ञानिक कारणसँग सम्बन्धित समस्याहरूका कारण हुने उहाँले बताउनुभएको छ ।

सन् २०२५ मा दुर्घटनाका अन्य मुख्य कारणहरूमा द्रुतगतिमा गाडी चलाउनु, रक्सी पिएर गाडी चलाउनु, थकान र लागु-औषधको प्रयोगलगायतका कारण समावेश भएको वुटलरले बताउनुभएको छ ।

घातक दुर्घटनाको दर घटाउन सन् २०२६ मा प्रहरी महानिरीक्षकको सुपरिवेक्षणमा आवश्यक पहलहरू लागु गरिने पनि प्रवक्ता वुटलरले बताउनुभएको छ ।

यसअघि मोटर यातायात आयुक्त कमल अमरसिङ्घेले सन् २०२६ सम्ममा श्रीलङ्कामा चालकहरूका लागि डिमेरिट पोइन्ट प्रणाली पूर्णरूपमा लागु गर्ने घोषणा गर्नुभएको थियो जसको उद्देश्य ट्राफिक अपराधीहरूलाई ट्रयाक गरेर र सजाय दिएर सडक दुर्घटनाको बढ्दो सङ्ख्यालाई रोक्नु हो ।

## विश्व सङ्क्षेप

# संयुक्त राज्य अमेरिकामा दादुराको प्रकोप, बालबालिका बढी प्रभावित

लस एन्जलस, २ जनवरी (सिन्ह्वा) । संयुक्त राज्य अमेरिकामा सन् २०२५ मा दुई हजारभन्दा बढी दादुराका घटना दर्ता भएका छन्, जुन सन् १९९२ पछि सबैभन्दा धेरै वार्षिक सङ्ख्या हो । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले सार्वजनिक गरेको तथ्याङ्कअनुसार डिसेम्बर ३० सम्म देशभर कुल दुई हजार ६५ पुष्टि भएका दादुराका केस देखिएका छन् ।

तीमध्ये करिब ११ प्रतिशत बिरामीलाई अस्पताल भर्ना गर्नुपरेको थियो । दादुराका केसहरू ४४ वटा क्षेत्रहरूमा फैलिएका थिए, साथै केही अन्तर्राष्ट्रिय आगन्तुकहरूमा पनि सङ्क्रमण देखिएको थियो ।

सन् २०२५ मा ४९ वटा दादुराका प्रकोप पहिचान गरिएको थियो, जसबाट कुल घटनाको ८८ प्रतिशत हिस्सा आएको थियो । पाँचदेखि उन्नाइस वर्ष उमेर समूहका बालबालिका र किशोरहरू सबैभन्दा बढी प्रभावित भएका छन्, जसले करिब ४२ प्रतिशत केस ओगटेका छन् । यस अवधिमा दादुराका कारण तीन जनाको मृत्यु पनि पुष्टि भएको छ ।

सन् २००० मा संयुक्त राज्य अमेरिकामा दादुरा निर्मूल भएको घोषणा गरिएको थियो । त,पछिल्लो समय बढ्दो प्रकोपका कारण विशेषज्ञहरूले अमेरिका आफ्नो निर्मूल स्थिति गुमाउन सक्ने चेतावनी दिएका छन् । छिमेकी देश क्यानडाले सन् २०२५ को नोभेम्बरमा दादुरा निर्मूल स्थिति गुमाइसकेको छ, जसले अमेरिकामा पनि चिन्ता बढाएको छ ।

# बेलायतको शरणार्थी प्रणालीमा नयाँ नियम लागू, स्थायी बसोबासका लागि २० वर्ष कुर्नुपर्ने

लन्डन, २ जनवरी (सिन्ह्वा) । बेलायत सरकारको तथ्याङ्कअनुसार सन् २०२५ मा सानो डुङ्गीमार्फत बेलायती तटमा पुगेका आप्रवासीको सङ्ख्या ४१ हजार ४७२ पुगेको छ, जुन अहिलेसम्मको दोस्रो उच्च वार्षिक सङ्ख्या हो ।

यो सङ्ख्या सन् २०२४ को तुलनामा १३ प्रतिशत बढी हो, तर सन् २०२२ मा रेकर्ड गरिएको करिब ४६ हजारको उच्चतम स्तरभन्दा ९ प्रतिशत कम हो । सन् २०२५ मा च्यानल पार गर्ने प्रयास गर्दा कम्तीमा १७ जनाले आफ्नो जीवन गुमाएका छन् । फ्रान्स र बेलायतका अधिकारीहरूको जानकारीअनुसार बेलायती सञ्चारमाध्यमहरूले उक्त रिपोर्ट गरेका छन् ।

यसैबिच, बेलायतको गृह मन्त्रालयले नोभेम्बरमा देशको शरणार्थी प्रणालीमा व्यापक सुधार गरेको घोषणा गरेको थियो । नयाँ नियमअनुसार शरणार्थीलाई स्थायी बसोबासको लागि आवेदन दिन २० वर्ष कुर्नुपर्ने व्यवस्था गरिएको छ ।

# बजेट कटौतीका कारण लेबनानमा शान्ति सैनिक घटाइँदै

बेरुत, २ जनवरी (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२५ को नोभेम्बरदेखि हालसम्म दक्षिणी लेबनानबाट एक हजार ८ सयभन्दा बढी शान्ति सैनिक फिर्ता भएका छन् भने सन् २०२६ को मेसम्म थप तीन सयभन्दा बढी सैनिक बाहिरिने तयारीमा छन् ।

लेबनानका लागि संयुक्त राष्ट्रसङ्घीय अन्तरिम बलका प्रवक्ता क्यान्डिस आर्डेलले यो प्रक्रिया संयुक्त राष्ट्रसङ्घव्यापी बजेट कटौतीका कारण भएको स्पष्ट पार्दै मिसन समयभन्दा अगावै समाप्त हुन लागेको बताउनुभयो । उहाँका अनुसार सन् २०२५ को अगस्टमा पारित सुरक्षा परिषद्को प्रस्ताव २७९० ले मिसनको कार्यकाल सन् २०२६ डिसेम्बर ३१ सम्म विस्तार गरेको छ र त्यसपछि क्रमिकरूपमा सैनिक फिर्ताको व्यवस्था गरेको छ ।

हाल दक्षिणी लेबनानमा करिब ५० देशबाट आएका १० हजार ५ सयभन्दा बढी शान्ति सैनिक तैनाथ छन् । पछिल्लो एक वर्षमा लेबनानी सेनाले लितानी नदीको दक्षिण क्षेत्रमा रहेका अवैध हतियार भण्डारण केन्द्र तथा सम्बन्धित संरचना गरी तीन सय ७० वटा नष्ट गरेको जनाइएको छ । यस कार्यमा संयुक्त राष्ट्रसङ्घीय मिसनले सहयोग पुऱ्याएको छ ।

# साउदी अरेबियाको एआई र डिजिटल नवप्रवर्तनमा ऐतिहासिक कदम

रियाध, २ जनवरी (सिन्ह्वा) । साउदी अरेबियाले बिहीबार रियाधमा हेक्सागन डेटा केन्द्रको शिलान्यास गरेको छ । अधिकारीहरूले जनाएको अनुसार यो डेटा केन्द्र मेगावाट क्षमताका हिसाबले विश्वकै ठुलो सरकारी स्वामित्वको केन्द्र बन्नेछ । यस केन्द्रको क्षमता ४८० मेगावाट रहने र दुई दशमलव आठ लाख वर्गमिटर क्षेत्रमा फैलिनेछ । साउदी डेटा तथा कृत्रिम बुद्धिमत्ता (एआई) प्राधिकरणले सञ्चालन गर्ने यस परियोजनाले राज्यको द्रुत रूपमा विस्तार भइरहेको इलेक्ट्रोनिक सरकार प्लेटफर्म र डिजिटल सेवाहरूका लागि अधिकतम उपलब्धता सुनिश्चित गर्ने उद्देश्य राखेको छ ।

प्राधिकरणका अध्यक्ष अब्दुल्लाह बिन शराफ अल्घामदीले उद्घाटन समारोहमा भन्नुभयो, "हामी एकीकृत डिजिटल पारिस्थितिकी तन्त्र निर्माणमा केन्द्रित छौं ।" उहाँले यस परियोजनालाई राष्ट्रिय प्रतिस्पर्धात्मकताको आधारको रूपमा प्रस्तुत गर्दै यसले देशभित्र कृत्रिम बुद्धिमत्ता क्षेत्रमा विशेषज्ञता विकास गर्ने र अन्तर्राष्ट्रिय प्रविधि लगानी आकर्षित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यस परियोजनाले साउदी भिजन सन् २०३० का उद्देश्यहरूसँग मेल खानेछ, जसमा 'दिगो ज्ञानमा आधारित अर्थतन्त्र निर्माण र उन्नत प्रविधिमा विश्व नेतृत्व हासिल गर्ने' लक्ष्य समावेश छ ।

**वडाध्यक्षको डायरीबाट**

# अरूको पैसा तिर्नु पर्ला भनेर भागेर हिँड्ने हो ?

✍ कुशल

समयमै बिहानको खाना खाई वडा कार्यालयमा जान तयारी गर्दै थिएँ । घरमै दुई जना मानिस टुप्लुक्क आइपुगे । उनीहरू श्रीमान् श्रीमती थिए । पारिवारिक रूपमा नाता पनि पर्दथ्यो । अरू समयमा पनि घरमा धेरैपटक आइसकेको हुँदा उनीहरू सिधै मेरो अध्ययन कक्षमा आइपुगे । मैले श्रीमान् श्रीमती दुवैलाई बस्न अनुरोध गरेँ । नाताले उनीहरू एक जना बहिनी ज्वाइँ र साली नाता पर्दथ्यो । पारिवारिक नाता भएकोले समय-समयमा घरमा आउनु स्वाभाविक थियो । मेरी श्रीमती उनीहरूसँग पारिवारिक कुराकानी गर्न थालिन् । त्यही भएर पनि मेरो ध्यान उनीहरूतर्फ गएन । केही बेरपछि म वडा कार्यालयमा जान तल लाग्दा साली बहिनीले भिनाजुलाई नै विशेष काम भएर भेट्न आएको बताइन् । श्रीमतीले पनि बहिनीको समस्या भएकोले एकछिन बसेर सुनिदिन आग्रह गरिन् । त्यसपछि मैले भनेँ, "के समस्या भयो साली नानीलाई ? ज्वाइँ साहेब पनि आउनुभयो ? मैले के गर्नुपर्‍यो भन्नुस् ? भन्नुस् न के भयो ? दुवैको अनुहार पनि अँध्यारो देख्छु ।"

बहिनी ज्वाइँको नाम श्याम अवाल ( परिवर्तित) थियो । बहिनी ज्वाइँले भन्न थाल्नुभयो, "भिनाजु तपाईंको वडामा एक जना साथीसँग मेरो मित्रता थियो । त्यस साथीको नाम कृष्णराम पहिजु (परिवर्तित) हो । त्यसपछि व्यापारिक कारोबार पनि भयो । दुवै जना मिलेर व्यापारिक कारोबार गरेका थियौँ । तर, उसले मेरो दसौँ लाख रूपैयाँ नदिइकन बसेको छ । मैले करिब साढे एक वर्षसम्म ताकेता गरेँ । दिन्छु दिन्छु भन्छ तर पैसा दिने कुरा गर्दै गर्दैन । बिचमा अलि अलि त लिएँ तर पूरै पैसा लिन सकिएन । घर यही तपाईंको टोलमा पर्दछ । मैले धेरै प्रयास गर्दा नि भएन । तपाईंको वडाको साथी भएकोले तपाईंले भनेर लिन सकिन्छ कि भनेर आशमा आएका हौँ । मेरो निजी काममा तपाईंलाई दुःख दिने मन त थिएन । तर, पनि साह्रै गाह्रो भएकोले गर्दा भनेको हुँ । तपाईंले एकचोटि केही गरिदिनुपर्‍यो ।"

त्यसपछि साली नानीले भन्न थालिन्, "कम्पनीबाट सामान ल्याएर उसको पसलमा दिएको हुँदा कम्पनीले श्रीमान्लाई तिरायो । हामीले गहना र तलब जम्मा गरेको रकमबाट कम्पनीलाई सबै चुक्ता गर्‍यौँ । तर, त्यो मान्छेले हामीलाई पैसा दिने कुरा नै गर्दैन । घरमा ससुराले गहना फिर्ता माग्दै छ । अब कसरी गहना दिने होला ? गहना बेचेको थाहा नै दिएको छैन । त्यही भएर भिनाजुले एकपटक प्रयास गरिदिनुस् । भिनाजु वडाध्यक्ष भएकोले केही कुरा मान्ला कि अनि फेरि तपाईंकै वडाको मान्छे रहेछ ।"

मैले तुरुन्तै त्यो मान्छेको नाम र नम्बर नोट गरिहालेँ र फोन गरेँ । मैले आफू वडाध्यक्ष भएको र भेट्न चाहेको बताएँ । उसले भेट्न खोजेको कारण सोध्नुभयो । मैले तपाईंको नाममा लेनदेनको एक मौखिक उजुरी आएको र त्यहीँ भएर भेट्न खोजेको बताएँ । त्यसपछि त्यस मान्छे तत्काल घरमै भेट्न आउँछु भनी फोन राखिदिनुभयो ।

केहीबेरमा कृष्णराम पहिजु घरमै आउनुभयो । त्यसबेलासम्ममा श्रीमती र साली नानी अफिस गइसकेका थिए । घरमा कृष्णराम, म र ज्वाइँ साहेबमात्र बाँकी भयौँ । मैले घरमा कृष्णराम भाइलाई बस्न अनुरोध गरेँ । त्यसपछि मैले ज्वाइँ साहेबको पैसा फिर्ता नदिनुको कारण नम्र भाषामा सोधेँ । भाइले जवाफ फर्काउँदै भन्नुभयो, "मैले पैसा दिन नसकेको हो सर । मेरो व्यापार कोराना महामारीका कारण चल्न सकेन । यो कुरा श्यामजीलाई थाहा भएकै कुरा हो । मेरो पचासौँ लाख कोरोनाको कारणले गर्दा डुब्यो । त्यही भएर मैले पैसा दिन नसकेको हुँ । अरू धेरै जनालाई पनि पैसा दिनु छ । परिस्थिति र बाध्यताले गर्दा यस्तो अवस्था आयो । तर, म श्यामजीको पैसा जरूर फिर्ता गर्छु । घरको सगोलको खेत बेच्न लागिरहेको छ । तर, देशमा मन्दीको अवस्थाले गर्दा खेत किन्ने मान्छे पनि नभेटिएको अवस्था छ सर । त्यहीँ भएर केही समय कुर्नु पर्ला । खेत बेच्ने बित्तिकै म तपाईंहरूको पैसा फिर्ता गर्छु ।"

मैले कृष्णराम भाइलाई भनेँ, "तपाईंको आफ्नै समस्या होला । कोरोनाले गर्दा समस्या भयो होला । तर, श्यामजीको पनि त केही समस्या होला । कमसेकम तपाईंले पैसा दिन नसकेपछि त्यसको खबर त गर्नुपर्छ नि ! मोबाइल नै अफ गरेर बस्ने अनि भागेर हिँड्ने पनि हुन्छ र ? तपाईंको नैतिकता कता गयो, इमानदारिता कता गयो ? ठीक छ व्यापार त कोरोनाले खायो रे । नैतिकता र इमानदारिता पनि कोरोनाले नै खायो ? तपाईंको व्यवहार र बोली बचन राम्रो हुनुपर्ने होइन र ? अरुको पैसा तिर्नु पर्ला भनेर भागेर हिँड्ने हो ? तपाईंले मेरो मान र वचन राखेर भए पनि यो हप्तामा दुई लाख फिर्ता गर्नुहोला । बाँकी त्यसपछि किस्ताबन्दीमा फिर्ता गर्नुस् ।" त्यसपछि कृष्णरामले यो हप्ता दुई लाख फिर्ता दिने सहमति व्यक्त गर्नुभयो भने मैले पैसा फिर्ता नगरेमा कानुनी उपायमा जानुपर्ने र यसको जिम्मेवार हामी नहुने भनी जानकारी गराएँ । त्यसपछि हामी तिनै जना घरबाट निस्क्यौँ ।

त्यसपछि महिनौँसम्म ज्वाइँ, साली बहिनी र कृष्णरामसँग मेरो सम्पर्क भएन । कृष्णरामले सबै पैसा फिर्ता गर्‍यो होला भन्ने सोचमा थिएँ । मैले पनि दुवै जनालाई कुनै सोधखोज गरिनँ । मेरो आफ्नै कार्य व्यस्तताले गर्दा मैले यस विषयमा ध्यान दिन सकिनँ । तर, एक दिन साली नानी र ज्वाइँ बेलुका घरमै आउनुभयो । उनीहरूको अनुहार निकै अँध्यारो थियो । अनुहारबाटै पैसा फिर्ता नपाएको थाहा पाएँ । मैले ज्वाइँ साहेबलाई सोधेँ, "किन ? कृष्णरामले पैसा दिएको छैन र ?" प्रतिउत्तरमा उहाँले भन्नुभयो, "अस्ति तपाईंसँग भेट भएपछि एकपटक पैसठी हजार र पछि पचास हजार जति तपाईंको मान राखेर दियो । त्यसपछि फोन नै स्वीच अफ गरेर बसेको छ । आज एकचोटि घरमै तपाईंसँग जानु पर्ला भनी आएका हौँ । राति घरमा पक्कै सुत्न त आउनुपर्ने हो ।" त्यसपछि हामी चार जना कृष्णरामको घरमा गयौँ । ऊसँग घरमै भेट भयो । हामीले घर परिवारका मानिस र कृष्णरामलाई पैसा दिन अनुरोध गर्‍यौँ । तर, उहाँले खेत बेच्न नसकिएकोले पैसा दिन नसकेको बताउनुभयो । उसको घरमा बिरामी बाजे र बजे पनि रहेकोले त्यहाँ बसेर लामो कुराकानी गर्न उचित नठानी हामी त्यहाँबाट फर्क्यौँ ।

त्यसपछिका दिन कृष्णराम भाइले मोबाइल नै स्वीच अफ गरी बस्न थाले । घरमा फेरि हामी कुर्न गयौँ । खेतको घरमा होला भनी त्यहाँ पनि गयौँ । त्यहाँ पनि उनी थिएनन् । एक दिन परिचित साथीले कृष्णरामलाई पुलिस चौकीमा समातेर राखेको खबर दिनुभयो । त्यसपछि हामी पनि पुलिस चौकीमा गयौँ । उनी चेक बाउन्जको केसमा थुनिएको रहेछ । त्यसपछि हामीले पनि चेक बाउन्जको केस हाल्न तयारी थाल्यौँ । त्यसको लागि तयारी गर्दागर्दै वकिलले समयमै जाहेरी तयारी नगरकोले उनी पैसा तिरेर छुटेको खबर पाएँ । हामीले पनि जाहेरी तयार गरी कृष्णरामलाई पक्राउ गर्न जाहेरी दर्ता गर्‍यौँ । त्यसै दिन कृष्णरामले आफ्नै वडाको सहकारीमा धितो राखेको जग्गा फुकुवा गर्न खोजेको खबर पाएँ । त्यो खबर पाउने बित्तिकै रोक्का फुकुवा नगर्नको लागि मैले वडाबाट पत्र पठाएँ । त्यसपछि बल्ल कृष्णरामले हामीलाई मोबाइलमा सम्पर्क गरी भेट्न चाहेको खबर पायौँ र मैले ज्वाइँलाई भेट्न जान अनुरोध गरेँ । बल्ल कृष्णरामले पैसा फिर्ता पूरै गर्ने कुरा गर्न थाल्यो । मैले ज्वाइँलाई उसको कुरा विश्वास नगर्न, जाहेरी र धितो फुकुवा कुनै पनि हालतमा फिर्ता नहुने जानकारी दिएँ । जबसम्म पैसा हामीलाई हातमा ल्याएर फिर्ता दिँदैन तबसम्म फुकुवा र जाहेरी फिर्ता नहुने बताएँ । त्यसपछि कृष्णरामले वडा कार्यालयमा आएर पैसा पूरै फिर्ता गरिदिनुभयो । हामीले पनि धन्यवाद दिई बिदावारि गर्‍यौँ । जिल्ला प्रशासन कार्यालयमा पेस गरेको उजुरी फिर्ता गर्न भोलिपल्ट कार्यालयमा मिलापत्रको कागजसहित उपस्थित भयौँ र उजुरी फिर्ता लियौँ ।

## कविता

## हिउँ

✍ माओ त्सेतुङ

चिङकाङ सान पहाड
पहाडका फेदीमा हाम्रा झन्डा र निशानहरू फर्फराउँथे
माथि शिखरमा हाम्रा बिगुल र ढोलकहरू बज्दथे
हजारौँ गुना बलियो शत्रुद्वारा हामीहरू घेरिएका थियौँ
तैपनि हामीहरू निडर र अविचलित नै भइ बसेका थियौँ

हाम्रो सुरक्षा फलामे भित्तासरि नै बलियो थियो
हाम्रो सङ्कल्प पनि किल्लासरि नै संयुक्त थियो
ख्वाङ्याइच्येबाट तोपको ठुलो गर्जन के निस्केको थियो
रातारात नै शत्रुको सैन्य अनि भागेर गएको थियो ।

चिङकाङ सानमा फेरि पुग्दा
मैले धेरै समयदेखि आकाङ्क्षा सँगालेको छु
बादलहरूलाई छुने
फेरि म आएको छु टाढाबाट
चढ्न भनेर चिङकाङ सान,
त्यो हाम्रो पुरानो आश्रय थलो
विगत दृश्यहरू फेरिसकेका छन्

ओरियल चराहरू गाउँछन्
भीर-गौँथलीहरू कावा खाँदै उड्छन्
कलकल गरेर बग्छन् चारैतिर सोतोहरू
र बाटो अक्कासिँदै माथितिर लाग्छ
एकपल्ट ह्वाङ याङ चेलाई पार गरेपछि
अरु कुनै पनि भयङ्कर ठाउँले आँखा तान्दैन

बतास र चट्याङ चलायमान भइरहेछन्
ध्वजा र पताकाहरू उडिरहेछन्
जहाँ जहाँ मानिसहरू बस्दछन्
अठ्तीस वर्षहरू सडेर गइसके
यसो आँखा झिमिक्क गर्दैमा

हामी नवौँ लोकमा चन्द्रमालाई अँगालो हाल्न सक्छौँ
र पञ्चसिन्धुहरूमा गोटा खाएर कछुवाहरू समात्न सक्छौँ
हामी विजयका गीत र खित्काहरूका माझ फर्कने छौँ
यो संसारमा गाह्रो भनेको कुनै कुरो छैन
चुलीहरूलाई नाप्ने आँट तिमी गर्दछौ भने ।

## लाल सलाम कामरेड

✍ युसुप दुवाल

एउटा मान्छे
ऊ मरेर पनि साँचिरहन्छ
वर्षौं वर्ष सयौँ वर्ष बाँचिरहन्छ
जनजनको मनमा बसिरहन्छ
सपना सजाउँदै
सपना फिजाउँदै
सपनाको उडान भरिरहन्छ
एउटा अजम्मरी मृत्यु
इतिहासको साक्षी बनेर
जीवन-मृत्यु सजिरहन्छ
हो ! ऊ नै महामानव माओ त्सेतुङलाई सलाम ।

एक कालखण्डको प्रतिमूर्ति बनेर
मानव सभ्यताको मुक्तिको बिगुल फुक्दै
एकचित्त चित्तामा अन्तरध्यानमग्न भएर
मानवजातिको उत्थानमा उत्सर्गपूर्ण मृत्यु
मृत्यु शय्याबाट जीवन चियाइरहन्छ
एक सार्थक तपस्वी
एक युगका एक पुरुष
एक युग पुरुष
एउटा ओजस्वी मृत्यु
मानव जीवन र जगत् हल्लाइरहन्छ
इतिहासको साक्षी बनेर
जीवन-मृत्यु सजिरहन्छ
हो ! ऊ नै महामानव माओ त्सेतुङलाई सलाम ।

मान्छे जन्मिन्छन्
जन्मेपछि जन्मदिन मनाउँछन्
मनाउँछन् हर कसैको मनाउँदैनन्
कसैको जन्मदिन यति अर्थपूर्ण हुन्छ
उसैको विश्व जगत्ले खोजीखोजी मनाउँछन्
जो मानव कल्याणमात्रको सत्कर्ममा जुट्छन्
जसको जीवन पुरुषार्थले परिनिष्ठितापूर्ण हुन्छ
उनै मानव जनजनमा जीवित रहन्छन्
संसारको कुनाकाप्चाबाट पुजिरहन्छन्
पलपल हरपल सम्झिरहन्छन्
हरेक वर्ष वर्षौं वर्ष मनाइरहन्छन्
इतिहासको साक्षी बकेर
जीवन- मृत्यु सजिरहन्छन्
उनै महामानवले धर्तीमा पाइला टेकेको दिन
माओको १३२ औँ जन्मदिन
माओलाई लाल सलाम ।
हो ! उनै महामानव माओ त्सेतुङलाई लाल सलाम ।

## न्हुछेरत्न बुद्धाचार्यका दुई कविता

### भिखारी

अन्यायको पहाडले थिचिएका
कामिरहेको जीर्ण शरीर लिएर
भोकको वेदनाको आवाज
यो अँध्यारो सडकमा गुञ्जिरहेका छन् ।

न गाँसको प्रबन्ध न बासको ठेगाना
यो अत्यासलाग्दो पथमा
असङ्ख्य टुहुरा धर्तीका मुस्कानहरू
उदास उजाड फुटपाथमा सुतेका छन् झुत्रो बोरामा ।

बेहोसीबाट बिउँझेका भोलिका सपनाहरूको
घाउ घाउबाट उठेका
पीडाहरूको अभियानले
उत्पीडनका आवाजहरू निस्किरहेका छन्
यो अभावै अभावले घेरिएको बस्तीमा ।

यो पवित्र भूमिका पुत्र पुत्रीहरू
भोकमा डुबेको आँगनमा
आशाको दियो बालेर
यो वर्तमान युगका भिखारीहरू
आफ्नो हक र अधिकारको लागि
अघि बढिरहेका हुन् यो श्रमभूमिमा ।

### विद्रोही

विरोधको आवाज उठिरहेको बस्तीमा
दुःख कष्टबाट निस्किरहेका स्वरहरू
गुञ्जिरहेका छन् यो डगमगाएको पथमा ।

शोषणको पीडाले ढाड सेकिएका
मर्का, असन्तुष्टि अभावहरूको
विस्फोटनका मागहरू उठिरहेका छन् ।

माटोमा लडिबुडी श्रम गरिरहेकाहरू
पाखा पर्वत चढेर मरीमरी बाँचिरहेकाहरूको
एक एक झुपडीबाट उठेको बुलन्द आवाजले
युगान्तकारी परिवर्तनको ज्वाला देखापर्छ ।

अनि आफ्नो स्वार्थको शिकार गर्नेहरूको
अन्यायको विरोधमा
मुटुभरि आगो, ओठभरि ज्वाला बोकेर
मुक्तिको आवाजले उन्मुक्त भएर
उठेका विद्रोहीहरूको शक्तिले ।

नयाँ जनयुगको सन्देश लिएर आउने
भोलिको उदाउँदो सूर्यको प्रतिक्षामा छन् ।
यो आकाश, यो धरती !

## चोरमाथि चकार

✍ सत्य सुवाल

*चोरले चिच्यायो, "चोर आयो !" आफ्नै झोला पछाडि लुकायो ।*
*आगो बालेर धुवाँ देखायो, घर जल्दै छ भन्ने अरूलाई सुनायो ।*
*नैतिकताको पाठ पढाउँदै हिँड्छ, सत्य-धर्मको झन्डा उचाल्छ ।*
*तर, उसको छायाँले नै भन्छ, उसका पाइला सधैँ अँध्यारोतिर चाल्छ ।*
*औँलाले सधैँ अर्कैलाई देखायो, तीन औँला आफूलाई फर्किएको नदेखायो ।*
*ऐना देख्दा आँखा चिम्लिन्छ, आफ्नै अनुहारसँग डराएर भाग्छ ।*
*उपदेश बाँड्दा ठुलो स्वर गर्छ, शब्दले नै भीडलाई थर्काउँछ ।*
*तर, मौनले सोध्दा प्रश्नहरू, उसको आत्मा नै लुक्न खोज्छ ।*
*न्यायको नाममा ढोल पिट्छ, इमानको खोल ओढेर नाच्छ ।*
*तर, अवसरको सानो ढोका खुल्दा, उसको चरित्र नै नाङ्गिन्छ, भाँचिन्छ ।*
*चोर माथि चकारको यही कथा - सबैभन्दा पहिले ऊ नै कराउँछ ।*
*आफू जोगिन्छ, दोष अरूमा सर्छ र भीडले नै सत्यलाई मार्छ ।*
*जबसम्म कराइ नै प्रमाण बन्छ र मौन सधैँ दोषी ठहर्छ,*
*त्यतिञ्जेल यस्ता चोरहरू, सिंहासनमा बसेर नीति लेख्छन् ।*

## छायाँ पर्नु हुँदैन

✍ कृष्णकुमार प्रजापति

छायाँ पर्नु हुँदैन ।
छायाँ पर्न गयो भने विकास पछि पर्छ ।
छायाँ होइन हाम्रो जीवनमा उज्यालो आवश्यक छ ।
उज्यालो भन्नु प्रकाश हो ।
प्रकाश भनेको घाम हो ।
यस्तो मौसममा झनै प्रचण्ड घामको आवश्यक छ ।
हाम्रो जीवनमा कदापि छायाँ पर्नु हुँदैन ।
सामाजिक जीवनमा छायाँ पर्‍यो भने भेदभाव देखापर्छ ।
राजनीतिमा छायाँ पर्दा अराजकता देखापर्छ ।
सांस्कृतिक क्षेत्रमा छायाँ पर्दा सभ्यता पछाडि पर्छ ।
परिवारमा छायाँ पर्दा शान्ति देखापर्दैन ।
प्रशासनिक क्षेत्रमा छायाँ पर्दा भ्रष्टाचार मौलाउने गर्छ ।
आर्थिक क्षेत्रमा छायाँ पर्दा पारदर्शिता भन्ने कुरो टाढा हुन जान्छ ।
स्वास्थ्य क्षेत्रमा त कदापि छायाँ पर्नु नै हुँदैन ।
स्वास्थ्य क्षेत्रमा छायाँ पर्‍यो भने विकास अवरुद्ध हुन्छ ।
किनभने, स्वास्थ्य भनेको धन हो ।
यसलाई सदुपयोग गर्न सक्नुपर्छ ।
तसर्थ, हर क्षेत्रमा छायाँ पर्नु नै हुँदैन ।

# इरानमा प्रदर्शनकारी मारिए
# अमेरिकाले हस्तक्षेप गर्छ : ट्रम्प

वासिङ्टन, १८ पुस (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा जारी जीवनयापनको लागतविरुद्धका प्रदर्शन हिंसात्मक बन्दै गएर प्रदर्शनकारीहरूको ज्यान लिइएमा संयुक्त राज्य अमेरिका प्रतिक्रिया दिन पूर्ण रूपमा तयार रहेको चेतावनी दिएका छन् । शुक्रबार उनले इरानले शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि घातक कारबाही गरेमा अमेरिका ‘लक एन्ड लोड’ अवस्थामा रहेको चेतावनी दिएका हुन् ।

बिहीबार इरानका विभिन्न सहरमा प्रदर्शनकारी र सुरक्षा बलबिच झडप भएपछि अवस्था थप तनावपूर्ण बनेको छ । अशान्ति फैलिँदै जाँदा पहिलो चरणमै कम्तीमा छ जनाको मृत्यु भएको रिपोर्ट सार्वजनिक भएका छन् । राजधानी तेहरानमा आइतबारदेखि पसलहरू बन्द गरेर उच्च मूल्यवृद्धि र आर्थिक अस्थिरताको विरोधमा गरिएको हडताल अन्य क्षेत्रहरूमा पनि फैलिएको जनाइएको छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ‘ट्रुथ सोसल’ मार्फत प्रतिक्रिया दिँदै लेखेका छन्, “यदि इरानले शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई गोली हानी हिंसात्मक रूपमा मार्छ भने संयुक्त राज्य अमेरिका उनीहरूको उद्धारमा आउनेछ, हामी लक र लोड अवस्थामा छौँ र जान तयार छौँ ।”

इरानले भने आफ्नो देशको प्रदर्शनमा अमेरिकी हस्तक्षेपको कडा शब्दमा निन्दा गरेको छ । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अलि लारिजानीले अमेरिकी सरकारलाई चेतावनी दिँदै ट्रम्प प्रशासनले त्यस्तो दु:साहस गरेमा ठुलो मूल्य चुकाउनुपर्ने बताए ।

इरानको फार्स समाचार एजेन्सीका अनुसार बिहीबार छहरमहल र बख्तियारी प्रान्तको लर्डेगन सहरमा सुरक्षा बल र प्रदर्शनकारीबिच भएको झडपमा दुई जनाको मृत्यु भएको छ । छिमेकी लोरेस्तान प्रान्तको आजना क्षेत्रमा भएका घटनामा थप तीन जनाको ज्यान गएको बताइएको छ ।

यसअघि सरकारी टेलिभिजनले पश्चिमी सहर कौहदास्टमा रातभर भएको विरोध प्रदर्शनका क्रममा इरानको सुरक्षा बलका एक सदस्यको मृत्यु भएको जानकारी दिएको थियो । यी घटनाले देशभर फैलँदै गएको असन्तोष र सुरक्षा चुनौतीलाई झन् गहिरो बनाएको विश्लेषण गरिएको छ ।

हालका प्रदर्शनहरू सन् २०२२ मा देखिएको ठुलो जनआन्दोलनको तुलनामा सानो मानिए पनि अवस्था संवेदनशील बनेको छ । सन् २०२२ मा महिलामाथि लागू कडा ड्रेस कोड उल्लङ्घन गरेको आरोपमा पक्राउ परेकी महसा अमिनीको हिरासतमा मृत्यु भएपछि देशव्यापी आक्रोश फैलिएको थियो । त्यस आन्दोलनको क्रममा दर्जनौं सुरक्षा बलका सदस्यसहित सयौँ मानिसले ज्यान गुमाएका थिए, जसले इरानको आन्तरिक राजनीतिक र सामाजिक अवस्थालाई गहिरो रूपमा प्रभावित गरेको थियो ।

# पाँच वर्षमा अवैध ‘भर्चुअल’ सम्पत्तिका ६५८ शङ्कास्पद कारोबार

काठमाडौँ, १८ पुस । नेपालमा अवैध मानिएको ‘भर्चुअल’ सम्पत्तिको शङ्कास्पद कारोबार पछिल्ला वर्षमा बढ्दै गएको छ । नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी एकाइले बिहीबार सार्वजनिक गरेको भर्चुअल सम्पत्ति (भर्चुअल एसेट) सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन, २०२५ (स्ट्राटेजिक एनालिसिस रिपोर्ट, २०२५ अन भर्चुअल एसेट) अनुसार पछिल्लो पाँच वर्षमा मात्र ६५८ शङ्कास्पद कारोबारको राष्ट्र बैङ्कले जानकारी पाएको छ ।

नेपालमा भर्चुअल सम्पत्ति ( भर्चुअल एसेट) को कारोबार अवैध हो । बिटकोइन, इथेरियम जस्ता क्रिप्टो, स्टेबलकोइन, युटिलिटी टोकन तथा अन्य टोकनाइज्ड एसेट भर्चुअल सम्पत्तिभित्र पर्छन् । जसलाई व्यापार गर्न, स्थानान्तरण गर्न, भुक्तानी तथा लगानीका लागि प्रयोग गर्ने गरिन्छ । प्रतिवेदनअनुसार २०२१ जनवरीदेखि २०२५ जुलाईसम्ममा ६५८ शङ्कास्पद कारोबार र शङ्कास्पद गतिविधिको जानकारी राष्ट्र बैङ्कअन्तर्गतको वित्तीय जानकारी एकाइले पाएको छ । सन् २०२१ मा १३, सन् २०२२ मा १७३, सन् २०२३ मा १३८ र सन् २०२४ मा २५२ वटा यस्तो कारोबार र गतिविधिको जानकारी एकाइलाई आएका छन् ।

त्यस्तै, २०२५ को जुलाई १६ सम्ममा ८२ कारोबार र गतिविधिको जानकारी राष्ट्र बैङ्कले पाएको छ । हालसम्म प्राप्त शङ्कास्पद कारोबार ‘रिपोर्ट’अनुसार सबैभन्दा धेरै ९१ प्रतिशतभन्दा बढी अर्थात् ६ सयवटा वाणिज्य बैङ्कका छन् । त्यस्तै, ४८ विकास बैङ्क, ६ वटा रेमिट्यान्स कम्पनी, दुई वित्त कम्पनी, एउटा भुक्तानी प्रणाली सञ्चालक र एउटा स्टक ब्रोकरसँग सम्बन्धित रहेको छ । यसरी जानकारीमा आएका शङ्कास्पद कारोबार र गतिविधिलाई राष्ट्र बैङ्कले विभिन्न निकायमा पठाउने गरेको छ ।

प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा राष्ट्र बैङ्कले २३२ वटा नेपाल प्रहरीलाई, ११५ वटा राजस्व अनुसन्धान विभागलाई, ६ वटा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई, तीनवटा राष्ट्र बैङ्कअन्तर्गतको भुक्तानी सेवा विभागलाई र एउटा आन्तरिक राजस्व विभागलाई पठाएको छ । राष्ट्र बैङ्कका निर्देशक तथा वित्तीय जानकारी एकाइका प्रमुख वासुदेव भट्टराई शङ्कास्पद कारोबार बारेका जानकारी विभिन्न अनुसन्धान निकायलाई उपलब्ध गराएको र ती निकायबाट थप अनुसन्धान अघि बढ्ने बताउनुहुन्छ ।

भर्चुअल सम्पत्तिको शङ्कास्पद कारोबार गर्ने व्यक्तिको उमेर समूह हेर्ने हो भने ३५ प्रतिशत २६ देखि ३० वर्षका, २० प्रतिशत २१ देखि २५ वर्षसम्मका, २० प्रतिशत ३१ देखि ३५ वर्षका, १२ प्रतिशत ३६ देखि ४० वर्षका, १० प्रतिशत ४१ वर्षभन्दा माथि र तीन प्रतिशत १६ देखि २० वर्ष उमेर समूहका रहेका छन् । यस्तो शङ्कास्पद कारोबारमा सबैभन्दा धेरै २९ प्रतिशत विद्यार्थी रहेको पाइएको छ । त्यस्तै, २१ प्रतिशत जागिरे, १९ प्रतिशत विभिन्न व्यवसायका मालिक, पाँच प्रतिशत कृषि, दुई प्रतिशत इन्जिनियर, नौ प्रतिशत वैदेशिक रोजगारमा गएका व्यक्ति तथा चार प्रतिशत स्वरोजगार रहेका छन् ।

चिकित्सक, धार्मिक व्यक्ति र गृहिणी समान एक-एक प्रतिशत छन् । २६ प्रतिशत व्यक्तिको बैङ्क अकाउन्ट बाइनान्स, क्रिप्टो, विटक्वाइन, हाइपर फन्ड, हाइपरभर्स, एमटी क्वाइनजस्ता भर्चुअल सम्पत्तिको खरिद-बिक्रीमा जोडिएको भनेर उनीहरूकै बैङ्क स्टेटमेन्टबाट देखिएको पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, १६ प्रतिशत व्यक्ति भर्चुअल सम्पत्तिको कारोबारमा संलग्न रहेको भनेर विभिन्न अनौपचारिक स्रोतबाट र इमेलबाट जानकारी पाएको, दुई प्रतिशत व्यक्तिले क्रिप्टो व्यापारका लागि अर्को व्यक्तिको बैङ्क खाता प्रयोग गर्ने ( मनी म्युल) को प्रयोग गर्ने गरेका कारण शङ्कामा परेको राष्ट्र बैङ्कले जनाएको छ । ***(रासस)***

# बैङ्क तथा वित्तीय संस्थाको बचत र कर्जामा वाग्मती प्रदेशको हिस्सा सबैभन्दा बढी

काठमाडौँ, १८ पुस । बैङ्क तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप तथा कर्जामा वाग्मती प्रदेशको अंश सबैभन्दा बढी देखिएको छ ।

नेपाल राष्ट्र बैङ्कले बिहीबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदनअनुसार २०८२ असार मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा वाग्मती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६५ दशमलव आठ प्रतिशत र कुल कर्जा प्रवाहमा ५९ दशमलव पाँच प्रतिशत रहेको छ ।

गत आर्थिक वर्ष २०८१/८२ सम्ममा बैङ्क तथा वित्तीय संस्थाले कुल रु. ७२ खर्ब ९५ अर्ब ६९ लाख ३० हजार बराबर निक्षेप सङ्कलन गर्दा वाग्मती प्रदेशबाट मात्र रु. ४७ खर्ब ९७ अर्ब ५९ करोड ८७ लाख बराबर निक्षेप उठेको छ ।

गत असार मसान्तसम्म कुल रु. ५५ खर्ब ८६ अर्ब २९ करोड २२ लाख बराबरको कर्जा प्रवाह हुँदा वाग्मती प्रदेशबाट मात्र रु. ३३ खर्ब २३ अर्ब ३१ करोड ६१ लाख बराबर ऋण लगानी भएको छ । कोशी प्रदेशबाट रु. छ खर्ब १३ अर्ब ३८ करोड ९६ लाख, मधेस प्रदेशबाट रु. चार खर्ब ९५ अर्ब ८६ करोड, गण्डकीबाट रु. तीन खर्ब ५६ अर्ब ९२ करोड ५७ लाख, लुम्बिनीबाट रु. पाँच खर्ब ७७ अर्ब २७ करोड ६१ लाख, कर्णालीबाट रु. ६२ अर्ब १२ करोड र सुदूरपश्चिमबाट रु. एक खर्ब ५७ अर्ब ४० करोड ४१ लाख बराबर कर्जा प्रवाह भएको छ ।

राष्ट्र बैङ्कका अनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा शून्य दशमलव ०४ प्रतिशतले घटेर रु. तीन खर्ब ३६ अर्ब ७३ करोड पुगेको छ । गत वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ६१ अर्ब १९ करोड कर्जा पशुपालन पशु बधशाला शीर्षकमा र सबैभन्दा कम सुर्तीमा रु. २० करोड ६५ लाख प्रवाह भएको छ ।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६ दशमलव सात, मधेसको १८ दशमलव सात, वाग्मतीको ३६ दशमलव दुई, गण्डकीको सात दशमलव एक, लुम्बिनीको १५, कर्णालीको एक दशमलव पाँच र सुदूरपश्चिम प्रदेशको चार दशमलव सात प्रतिशत रहेको छ ।

सेवा क्षेत्रअन्तर्गत प्रवाहित कर्जामा वाग्मती प्रदेशको हिस्सा ५९ दशमलव पाँच प्रतिशत रहेको छ । यस्तै, लुम्बिनीको १० दशमलव तीन, कोशीको १० दशमलव एक र मधेस प्रदेशको नौ प्रतिशत रहेको छ । यस्तै, गण्डकीको छ दशमलव नौ, कर्णालीको एक दशमलव एक र सुदूरपश्चिम प्रदेशको तीन प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ । ***(रासस)***

# अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गर्न आदेश

काठमाडौँ, १८ पुस । सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुनेगरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोगलाई आदेश दिएको छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले आज अपाङ्गता भएका व्यक्तिको नाम अनिवार्य रूपमा समावेश गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुने गरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोगको नाममा सो आदेश दिएको हो ।

आदेशमा भनिएको छ, “निर्वाचन आयोगले सबै राजनीतिक दलले पेस गरेको बन्द सूची छानबिन गरी, संविधान र कानुनअनुसार अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व नभएमा सम्बन्धित दललाई सूची सच्याई अपाङ्गता भएका व्यक्तिको नाम अनिवार्य रूपमा समावेश गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुने गरी आवश्यक व्यवस्था गर्नु/गराउनु हुन आदेश दिएको छ ।”

राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घका अध्यक्ष माधवप्रसाद चम्लागाई, सङ्घका पूर्वअध्यक्ष तथा पूर्वसांसद प्रकाश पन्थलगायत अपाङ्गता अधिकारकर्मीहरूले वरिष्ठ अधिवक्ता सीताराम केसीको कानुनी सहायतामा पुस ११ गते रिट निवेदन दायर गरिएको थियो ।

रिट निवेदनमा २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत (६,४७,७४४ जना) कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्ति भएको र यति ठुलो जनसङ्ख्या हुँदाहुँदै पनि समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगर्नु समावेशी लोकतन्त्र, समान राजनीतिक सहभागिता र अन्तर्राष्ट्रिय दायित्वविपरीत भएको निवेदकहरूको दाबी छ ।

***नेका...***

सञ्चारकर्मीहरूलाई बताए । तर, उनीहरूले नेकाभित्र जस्तो विवाद उत्कर्षमा पुगे पनि नेका विभाजन नहुने बताएका छन् । महाधिवेशन तत्कालै भए पनि नभए पनि पार्टी नफुट्ने उनीहरूको दाबी छ ।

महामन्त्रीद्वय थापा र शर्माले पुस २७ र २८ गते विशेष महाधिवेशन आह्वान गरिसकेका छन् । तर, हुने भनिएको यो अधिवेशनमा संस्थापन पक्षको सहमति देखिएको छैन । बोलाइएको महाधिवेशनमा संस्थापन पक्षले सहमति जनाएन भने या संस्थापन पक्षधर महाधिवेशन सदस्यहरू उपस्थित भएनन् भने सो महाधिवेशनले मान्यता पाउँछ कि पाउँदैन ? महाधिवेशनले निर्वाचित गर्ने पदाधिकारी तथा सदस्यहरूले मान्यता पाउँछ कि पाउँदैनन् ? नेकाका प्रवक्ता प्रकाशशरण महतले त संस्थागत निर्णयबिना विशेष अधिवेशनको नाममा भेला बोलाउँदा विभाजनको जोखिम निम्तिने सङ्केत गरेका छन् । यसले विभाजन गर्न चाहने शक्तिलाई बल पुग्ने उनको भनाइ रहेको छ । नेकाका अर्का नेता शेखर कोइराला भन्छन्, केन्द्रीय कार्य समितिले महाधिवेशन बोलाउँदा सिङ्गो पार्टीको सहभागिता हुन्छ । तर, महामन्त्रीहरूले मात्रै बोलाउँदा भेला हुन्छ भन्ने उनको मत रहेको हो । गत मङ्सिर १५ गते सम्पन्न नेकाको बैठकले विशेष महाधिवेशनको निवेदनमा छलफल नगरी नियमित महाधिवेशन गर्ने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार नेकाको नियमित महाधिवेशन हुनुपर्थ्यो । तर, त्यो निर्णय पनि लागु नहुने देखिएपछि विशेष महाधिवेशनको कुरा चर्चामा आएको नेकाकै नेताहरू बताउँछन् ।

विशेष महाधिवेशन आह्वान गरेकै भरमा नेका विभाजन नहुने राजनीतिक विश्लेषकहरूको टिप्पणी रहेको छ । विधानअनुसार विशेष महाधिवेशन गर्नु विभाजनमा जानु होइन भन्ने अर्को थरीको मत पनि छ । तर, संस्थान पक्षकाहरूले नेका विभाजन हुने- नहुने जवाफ महामन्त्रीद्वयले दिनुपर्छ भनी खबरदारी गरेका छन् । महाधिवेशनबारे नेकाका नेताहरूको अभिव्यक्ति र टिप्पणी सुन्दा नेकाका नेताहरूमा प्रजातान्त्रिक अभ्यास र अनुभव भए पनि पदको निम्ति राजनीति भइरहेको अर्को विश्लेषण छ । हरेक पटकको जस्तो नेकाको सम्मेलन र महाधिवेशनमा यस्ता विवादहरू नेकाभित्र उत्कर्षमा पुगेको हुन्छ । पहिले पनि यस्तै विवाद उत्कर्षमा पुगेपछि नेका ( प्रजातान्त्रिक) अलग्ग दल बनेको थियो । नेकाको महाधिवेशनमा भएको विवादबारे अरूको निम्ति टाउको दुखाइको विषय होइन । तर, पुराना, अनुभव प्राप्त र प्रजातान्त्रिक धेरै अभ्यास भएको नेकामा महाधिवेशन गर्नेबारे लामो समयदेखि टुङ्गो नलाग्नु, टुङ्गो नलागेर आ-आफ्नै तालले डम्फु बजाउन थालेपछि नेका विभाजनतर्फ उन्मुख भयो कि भनी शङ्का गर्ने ठाउँ बनाइएको छ ।

***युवा...***

ओटा पुँजीवादी देशमा विभाजन भयो ।”

प्रतिक्रियावादीहरूले देश र जनताको नि:स्वार्थ सेवा गर्नेहरूलाई बाधा अवरोध तेर्स्याउनेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले पञ्चायती निरङ्कुश सरकारले नेमकिपाका नेता र कार्यकर्ताहरूविरुद्ध झूटा ज्यान मुद्दा चलाएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “मजदुर वर्गको राज्य मागेर संसारमा कहाँ दिइएको छ ? जनताको हित हुने बन्दोबस्तको लागि सङ्घर्ष गर्नैपर्दछ । सङ्घर्षको लागि जनताबिच सङ्गठन गर्नैपर्दछ ।”

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “मुख्य मुख्य पदमा बसेर देश र जनताको सेवा नगर्नेहरू इतिहासमा दोषी साबित हुनेछन् । जनताको सेवामा लागिरहेकाहरूसमेत सङ्कट आउनासाथ ‘राजनीति नगर्ने’ भनी कागज गरेर प्रतिक्रियावादीहरूसँग झुकेका छन् । देश र जनताविरोधीहरूसँग लड्न नसके कार्यकर्ताहरू जीउँदो लासजस्तै हुनेछन् । नेमकिपाको उद्देश्य देश र जनताको नि:स्वार्थ सेवाबाहेक अर्को छैन ।”

परिषद्मा सचिव प्रेम सुवालले पार्टी केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । सचिव सुवालले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथि समूहगत छलफल गरिएको छ ।

शुक्रबार केही पार्टी जिल्ला समिति प्रतिवेदन, वर्गीय सङ्गठन र पेसागत सङ्गठनका प्रतिवेदनहरू प्रस्तुत गर्ने क्रम सुरु भयो ।

परिषद् शनिबार पनि चालु रहनेछ ।

**सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं।**

- ❖कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं।
- ❖त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं।
- ❖सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं।
- ❖बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं।
- ❖सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं।
- ❖मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं।
- ❖विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं।
- ❖सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हार्दिक समवेदना**



जन्म : १९९१/०९/०७
निधन : २०८२/०९/१६

यस समाजअन्तर्गतको गुठी नं १ का न्वकु **पृथ्वी प्रजापति**को असामयिक निधन भएको चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**एकीकृत हाकुज्या प्रजापति समाज परिवार**

तालाक्व, भक्तपुर-४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा